सौर्य दैनिक

www.souryaonline.com

वर्ष ११ अंक १९७ आइतबार, १९ भदौ २०७९ SOURYA NATIONAL DAILY Sunday, 4 September 2022 पृष्ठ : ८ मूल्य रू. ५

मेगा बैंक नेपाल लिमिटेड
MEGA BANK NEPAL LIMITED
मेगा मुद्दती खाता
११.०३%* वार्षिक ब्याजदर
The Banker Bank of the Year 2019 NEPAL
विश्वास जित्दै... अघि बढ्दै...
MEGA

सत्तारुढ गठबन्धनको सिट बाँडफाँड

सबै प्रदेशमा सकस, मधेशमा झन सकस

■ सौर्य समाचार

काठमाडौं । जतिजति निर्वाचन नजिकिदैं छ त्यति राजनीतिक दलहरू तयारीमा व्यस्त छन् । नेकपा (एमाले)को रणनीति असफल बनाउन र त्यसका अध्यक्ष केपी शर्मा ओलीको 'दम्भ' लाई साइजमा ल्याउन आगामी निर्वाचनपछि सम्म गठबन्धन कायम राख्ने निर्णय गरेको सत्तारुढ गठबन्धनलाई तामेल मिलाउनै सकस परेको छ । देशभरीको प्रतक्ष्यतर्फको सिट बाँडफाँडका लागि कार्यदल बनाइए पनि सो कार्यदलले अहिलेसम्म ठोस प्रस्ताव अघि सार्न सकेको छैन ।

सिट बाँडफाँट गर्न कार्यदल बनाएको एक महिना बित्यो । तर, दलीय अडानका कारण अझै टुंगो लाग्न सकेको छैन । दलहरूले निर्वाचन क्षेत्रभन्दा बढी दाबी गरेका छन् । गठबन्धनमा रहेको कांग्रेसले १०० सिट, माओवादीले ६० सिट, नेकपा (एस)ले ४० सिट तथा जसपाले ३२ सिट दाबी गरेको छ । यस्तै जनमोर्चाले २ सिट दाबी गर्दै आएका छन् । यस अगाडि कार्यदललाई भदौ पहिलो साताभित्र प्रतिवेदन बुझाउन समय दिइएको थियो ।

कांग्रेसका नेता डा.शेखर कोइरालाले गठबन्धन गर्दा जितेको ठाउँमा कांग्रेसले छाड्न नहुने बताएका छन् । उनले सय सिटभन्दा कम गरेर कांग्रेसले गठबन्धन गर्न नसक्ने बताउँदै आएका छन् । कोइरालाले सयभन्दा कम सिटमा गठबन्धन भयो भने पार्टीभित्रै विद्रोह सुरु हुने अभिव्यक्ति दिँदै आएका छन् ।

पार्टी सभापतिसमेत रहेको शेरबहादुर देउवाले टिकट वितरणमा आफ्नो पक्षकालाइ बाइपास गर्ने डर पनि छ कोइरालालाई । यसै गठबन्धन गर्ने भएकाले सिट संख्या कम हुने त्यसमा पनि देउवाले टिकट वितरणमा संस्थापन पक्षलाई नै प्राथमिकता दिने भएकाले कोइरालाले प्रतिपक्षी नेता ओलीसँग पनि निकटता बढाएका छन् । त्यस्तै परे पार्टीभित्र विद्रोह गरेर देशभर एमालेसँग तालमेल गरेर जाने विषयमा पनि सो समूहमा छलफल चलेको श्रोतले बताएको छ ।

शनिबारै माधव नेपालले पनि काँग्रेसलाई हैसियतभन्दा बढीको अहंकार नदेखाउन चेतावनी दिएका छन् । प्रचण्डले त पटक-पटक काँग्रेसले अहंकार देखाए उसलाई पनि देखाइदिने धम्की दिदै आएका छन् । शनिबार एक कार्यक्रममा एमाले नेता सुभास नेम्वाङले माधव नेपाललाई एकताको निम्ति आह्वान त्यसै नगरेको बताउने एमाले नेताहरू पनि रहेका छन् । पहिलो हुने निर्वाचित हुने (प्रतक्ष्य) तर्फको १६५ सिटको बाँडफाँड भए पनि निर्वाचन क्षेत्र मिलाउन झन सकस छ ।

उदाहरणका लागि शुक्रबार मात्र डोटी काँग्रेसले आफ्नो जिल्लामा गठबन्धन गरेर अन्य दललाई छाडिए विद्रोह गर्ने निर्णय नै गरेको छ । काँग्रेस क्षेत्रिय सभापति वीरबहादुर बलायर, नेकपा (एस)का नेता प्रेम आले र माओवादी नेता त्रिलोचन भट्टको गृह जिल्ला हो डोटी । एउटै निर्वाचन क्षेत्र भएको जिल्ला र तीनै वटा प्रमुख दलका हेभिवेट उम्मेदवार, कसलाई दिने कसलाई छोडाउने, छोडाउँदा कस्तो परिणाम आउने भन्ने अन्योल छ । यस्तै सकस र अफ्ठ्यारा अधिंकाँश जिल्ला र निर्वाचन क्षेत्रमा छन् । मधेस प्रदेशमा झन धेरै सकस छ ।

बाँकी पृष्ठ २

उपचार नै नगर्ने डाक्टरलाई प्रतिष्ठानले जोगायो

■ दिलमाया शाही

जुम्ला । अस्पतालको आकस्मिक विभागमा कार्यरत चिकित्सक करण शाहलाई उपचार गर्न नमानेको भन्दै कुटपिट गर्ने एक कर्मचारी निलम्बनमा परेका छन् । प्रतिष्ठानको ४ भदौमा बसेको कार्यकारी परिषदको बैठकले कर्मचारी धनबहादुर शाहीलाई निलम्बन गरेको हो । उनी ४५ दिनका लागि निलम्बित भएका छन् । तर, ६ वर्षको बालकलाई उपचार नगरी बस्ने डाक्टर करण शाहलाई भने प्रतिष्ठानका उन्मुकत्ति दिएको जुम्ली जनताको आरोप छ ।

आफ्नो छोरालाई शाहीले २ भदौमा अस्पतालको आकस्मिक विभाग उपचारका लागि लगेका थिए । पेट, टाउको दुखेको, ज्वरो आएको भन्दै उनले बालकको उपचार गरिदिन डाक्टर साहसँग आग्रह गरेका थिए । उक्त विषयमा चिकित्सक साहसँग विवाद भएपछि उनले आक्रमण गरेका थिए । तर, शाहीलाई नि निलम्बित गर्ने

बाँकी पृष्ठ २

दसैंको मुखमा हुम्लामा चामलको हाहाकार

■ सौर्य समाचार

सुर्खेत । प्रर्याप्त खाद्यान्न नहुँदा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड हुम्लाले खाद्यान्न बिक्री बन्द गरेको छ । अति आवश्यक काममा प्रमुख जिल्ला अधिकारीको सिफारिसबाहेक अन्य नियमित गरिने बिक्री वितरण अर्का सूचना नहुँदासम्मका लागि स्थगित गरिएको निमित्त शाखा प्रमुख नवीनप्रसाद आचार्यले बताए ।

जिल्लाभरि रहेका डिपो र बिक्री केन्द्रमा चामल सकिएको र सिमकोट शाखामा मौज्दात कम भएपछि जिल्लाभरि बिक्री वितरण बन्द गरिएको हो । ठेकेदारले सबै चामल ढुवानी नगर्दा चामल खाद्यान्न आपूर्तिमा समस्या देखिएको हो ।

सिमकोट डिपोका लागि गत आर्थिक वर्षको थप चार हजार र ढुवानी हुनु बाँकी ६ सय क्विन्टल पर्ने चार हजार पाँच सय क्विन्टल चामल समयमा ढुवानी हुन नसक्दा यो समस्या आएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा हुम्लाका निमित्त प्रमुख आचार्यले बताए ।

चालु आर्थिक वर्षमा कम्पनीको सिमकोट शाखाका लागि स्थलमार्गबाट चार हजार र हवाईमार्गबाट १० हजार क्विन्टल गरी १४ हजार क्विन्टल स्वीकृत भएको छ भने जिल्लाका सात गाउँपालिकाका विभिन्न स्थानमा रहेका नौ वटा बिक्री केन्द्र ताँजाकोटको छप्रेला बिक्री केन्द्रका लागि एक हजार, श्रीनगर केन्द्रका लागि दुई हजार पाँच सय, देउली बिक्री केन्द्रका लागि पाँच सय, सर्केगाड बिक्री केन्द्रका लागि दुई हजार, खार्पुनाथ बिक्री केन्द्रका लागि एक हजार, याल्वाङ केन्द्रका लागि पाँच सय र लिमी केन्द्रका लागि पाँच सय गरी हुम्ला जिल्लामा लागि २० हजार पाँच सय क्विन्टल चामल स्वीकृत भई ठेक्का प्रक्रिया अगाडि बढिरहेको प्रमुख जिल्ला अधिकारी सीता परियारले बताइन् । जिल्लामा मनाइने विभिन्न स्थानीय चाडपर्वसँगै दसैं तिहारमा चामलको अभाव नहोस् भनेर छिटोभन्दा छिटो चामल ढुवानीको व्यवस्था मिलाउन कम्पनीलाई निर्देशन दिइएको उनले बताइन् ।

अघिल्लो वर्षको ढुवानी हुन बाँकी चार हजार ६ सय क्विन्टल चामलमध्ये ६ सय क्विन्टल ढुवानीको समिट एयरले असारमै जिम्मा लिएको भए पनि अहिलेसम्म ढुवानी गरेको छैन । गत वर्ष नेपालगन्जबाट २ हजार र सुर्खेतबाट दुई हजार क्वीन्टल चामल थप भए पनि नेपालगन्जबाट

बाँकी पृष्ठ २

घर फर्किएर 'बाखापालन'

■ सौर्य समाचार

तानसेन । तानसेन नगरपालिका-१२ बौघापोखराथोकका ३८ वर्षीय मुरारी पौडेलको खोरमा २० वटा बाखा छन् । लामो समय विदेश बसेर फर्केका उनले १५ लाखको लगानीमा बाखाका लागि आधुनिक खोर निर्माण गरेका छन् ।

तीन वर्ष मलेसिया र आठ वर्ष दुबई बसेर फर्केका पौडेल अब विदेश नजाने सोचमा छन् । 'आफ्नै ठाउँमा केही उद्यम गर्छु भन्ने सोच बनाई बाखापालन गर्न थालेको हुँ', उनले भने, 'अहिले गाउँघरमै बसेर काम गर्दा सन्तुष्ट छु ।'

तानसेनमा पौडेलजस्ता गाउँका १५ युवा उद्यमी समूहमार्फत बाखापालन गर्दै आएका छन् । दश जना त विदेशबाटै फर्केका युवा समूहमा आबद्ध रहेकामा पाँच जना कोरोनापछि मात्र स्वदेश फर्केका हुन् । 'आफ्नै ठाउँमा फर्केर बाखापालन गरी उद्यमशील बन्न पाउँदा हामी सबै उत्साही छा', उनले भने ।

बाखापालनका लागि लुहुङ राम्रो सम्भावना बोकेको क्षेत्र हो तर यहाँ डालेघाँस, भुइँघाँस उत्पादनका लागि आवश्यक बीउ र प्राविधिक ज्ञानको अझै समस्या छ । पौडेलले वार्षिक दुई लाखभन्दा बढीको बाखा बिक्री गर्दै आएका छन् । कतारमा दैनिक १२ घण्टा काम गर्दा ३० हजार बचाउन मुस्किल परेको बताउने पौडेलले घरमै बाखापालन गरेर घर खर्चसमेत धान्न सहज भएको सुनाए । 'परिवारसँगै छु, दुःख र बिमार पर्दा साथ दिएको छु, विदेशभन्दा स्वदेश नै प्यारो लागेको छ', उनले भने ।

तानसेनमा वैदेशिक रोजगारीबाट फर्किएर कृषि र पशुपालन गर्नेहरू चार सयभन्दा बढी छन् । कोरोना सङ्क्रमणका कारण वैदेशिक रोजगारीबाट फर्किएकाहरूलाई नगरपालिकाले अनुदान र प्रोत्साहन दिएपछि यहाँ वैदेशिक रोजगारीबाट फर्किएर कृषि गर्नेहरुको संख्या बढ्दो छ । वडा नं ५, अर्चलेकी ३४ वर्षीया कविता रावल दुबईमा दुई वर्ष काम गरेर घर फर्केका हुन् । 'दश वर्षदेखि विदेशमा बस्ने श्रीमान्लाई यही बोलाएर कृषि तथा पशुपालन गर्ने सोँच बनेको छ', उनले भनिन्, 'दशैँमा आउनुहुन्छ, दुवै मिलेर काम गर्ने योजना बुनेको छु ।' विदेशमा भन्दा यही सफलता मिलेको रावलले बताइन् । यहाँ विदेशमा जति मेहेनत गर्नुपर्दैन, आम्दानी पनि राम्रो हुन्छ ।'

बाँकी पृष्ठ २

गौरा पर्वको मुख्य दिन शनिबार गौराको पुजा गर्दै भीमदत्त नगरपालिका-१५ का ब्रतालु महिला । तस्बिर : रासस

चार महिनापछि ट्रान्फर स्टेशनमा रित्तिँदै फोहर

■ सौर्य समाचार

काठमाडौं । चार महिनापछि टेकुस्थित ट्रान्फर स्टेशनको फोहर व्यवस्थापनको काम आइतबार बिहानसम्ममा सकिने भएको छ । सिसडोल र बञ्चरेडाँडाका स्थानीयवासीले विगतमा महानगरसँग भएको सम्झौताअनुसार सडक मर्मतको काम समयमा नै सम्पन्न नगरेको, स्थानीयवासीलाई स्वास्थ्य, शिक्षा, रोजगारीको व्यवस्थाजस्ता माग पूरा नगरेको भन्दै कहिले फोहर बोकेको गाडी तोडफोड र कहिले सडक नै अवरोध गरेपछि विगत चार महिनादेखि काठमाडौं उपत्यकाको फोहर टेकुमा अल्पकालीन व्यवस्थापन गरिएको थियो ।

यसरी लामो समयसम्म फोहरको अन्तिम व्यवस्थापनको काम हुन नसक्दा ट्रान्फर स्टेशनमा मात्र होइन, काठमाडौं उपत्यकाका अन्य सडक किनारामा पनि जताततै फोहर नै फोहर थियो । उपत्यकाको फोहर व्यवस्थापनका सम्बन्धमा यही भदौ पहिलो साता काठमाडौं, धादिङ र नुवाकोटका प्रमुख जिल्ला अधिकारी, सिसडोल र बञ्चरेडाँडाका स्थानीयवासीबीच भएको चार बुँदे सहमतिपछि भदौ पहिलो सातादेखि फोहर व्यवस्थापन कार्य हुन थालेको हो ।

सहमतिपछि यसअघि सडकमा थुपारिएको फोहर व्यवस्थापनको काम सकिएको छ भने आइतरबादेखि ट्रान्फर स्टेशनमा चार महिनादेखि थुपारिएको फोहर पनि पूर्णरूपमा व्यवस्थापनको काम सकिने कामपाको प्रमुख बालेन्द्र साहको सचिवालय सदस्य सुनिल लम्सालले जानकारी दिए । गत वैशाख १२ गतेदेखि टेकुमा थुपारिएको फोहरको व्यवस्थापन हुनसकेको थिएन ।

स्थानीयवासीको अवरोधकै बीच विगत चार महिनाको अवधिमा बढीमा १५ दिन फोहरको व्यवस्थापन भए पनि अन्य दिन एक गाडी पनि फोहरको व्यवस्थापन हुन नसकेको कामपाको भनाइ छ । उक्त स्थानमा राखिएको फोहर व्यवस्थापनको काम सकेसँगै अब नागरिकको घरबाट निस्किएको फोहर सिधैं बञ्चरेडाँडा लगिने लम्सालले जानकारी दिए ।

यसअघिको फोहरसमेत व्यवस्थापन गर्नुपर्ने भएकाले अहिले साविकमा भन्दा बढी दैनिक तीन सय गाडी फोहर अन्तिम व्यवस्थापनका लागि बञ्चरेडाँडा पुग्ने गरेको छ । हाल कामपासहित अन्य १७ स्थानीय तहको फोहरको अन्तिम व्यवस्थापन बञ्चरेडाँडामा हुने गरेको छ ।

उपचार...

निलम्बित गर्ने प्रतिष्ठानले उपचार नै नगर्ने डाक्टर जोगाएको आरोप छ । प्रतिष्ठानलाई जुम्ली जनताले प्रश्न गरेका छन्- डाक्टरले जे गर्दा पनि हुन्छ ? कि प्रतिष्ठानका पदाधिकारी नजिक भएकाले जे गर्न पनि छुट छ ? डाक्टर शाहलाई पनि प्रतिष्ठान कारवाही गर्नु पर्ने उनीहरूको माग छ ।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लामा कार्यरत चिकित्सक करण शाहले चन्दननाथ नगरपालिका-२ भण्डारीवाडाका ६ वर्षीय बालक पृथकविक्रम शाहीलाई उपचार नगरी बाल अधिकार उल्लघंन गरेको निजी विद्यालयको छाता संगठन प्याप्सनले आरोप लगाएको छ ।

चिकित्सकविरुद्ध प्रहरीमा उजुरी

डा. शाहले उपचार गर्न आएको बालकलाई उपचार नगरेको आरोपमा बालकका आमा आसा हमालले जिल्ला प्रहरी कार्यालय जुम्लामा १३ भदौंमा उजुरी दिएकी छिन् ।बालकका बुबा धनबहादुर शाहीले छोरा पृथकविक्रमले पेट दुख्यो भनेपछि उपचारका लागि प्रतिष्ठानको आकस्मिक कक्षमा लिएर गराएका थिए । 'छोराको उपचारका लागि डा शाहसँग बारम्बार अनुरोध गर्दा पनि उनले मानेनन्', आमा आशाले भनिन् । बच्चाको उपचार नगर्दा डा. शाह र धनबहादुरबीच झगडा भएपछि ओम मनिष पोलिक्लिनिक एण्ड रेफरल सेन्टर प्रालि जुम्लामा उपचार गरिएको उनले बताए ।

६ भदौमा शाहविरुद्ध बाल हिंसाको जाहेरी दरखास्त दर्ता गर्न खोज्दा प्रहरीले नमानेपछि जिल्ला सरकारी वकिल कार्यालय जुम्लामा जाहेरी दरखास्तको सिफारिस मागेको र त्यही अनुसार १० भदौमा सिफारिस प्राप्त भएको बालकका बाबु धनबहादुरले बताए ।

सबै...

मधेसमा झन सकस

प्रतिनिधिसभा अन्तर्गत मधेश प्रदेशमा ३२ निर्वाचन क्षेत्र छ । यही क्षेत्रमा गठबन्धनका पाँच दलको भागवण्डा मिलाउन र क्षेत्र बाँडफाँट सबैभन्दा कठिन छ ।

'हाम्रो पार्टीलाई केन्द्रीय रुपमै बहमुत सिट दिने गठबन्धनले सहमति गर्ने सचूना पाएका छौँ,' काँग्रेसका मधेश प्रदेश अध्यक्ष कृष्ण यादवले भने, 'मधेश प्रदेशमा हामी बलियो छौँ, ६० प्रतिशत सिट पाउनुपर्ने अडान राखेका छौँ ।'

मधेशमा बलियो भएकैले जसपाले ४० प्रतिशत सिट पाउनुपर्ने प्रस्ताव गरेर केन्द्रमा पठाएको छ । जसपा प्रदेश अध्यक्ष रामबाबु यादवले भने, 'जसपाको देशभर मध्ये आधार क्षेत्र मधेश मात्र हो,' यादवले भने, '३२ सिटको ४० प्रतिशत सिट पाउनुपर्ने हाम्रो अडानबाट घट्नु हुँदैन भन्ने छ ।'

दुई पार्टीले गरेको दावीलाई आधार मान्दा १९ सिट कांग्रेस र जसपाले १२ सिट पाउनुपर्छ । अनि बाँकी रहन्छ जम्मा १ सिट । मधेशमा ८ जिल्ला छ । प्रतिनिधि सभा तर्फ प्रत्येक जिल्लामा ४/४ वटा निर्वाचन क्षेत्र छ । माओवादी केन्द्रले प्रत्येक ८ जिल्लाबाट एउटा-एउटा सिट पाउनुपर्ने माग गरेको छ ।

माओवादीका केन्द्रीय सदस्य योगकुमार बरबरियाले भने, 'मधेश प्रदेशको हकमा एक जिल्लामा एउटा निर्वाचन सिट पाउनुपछ भनेर पार्टीलाई लेखि पठाएका छौँ ।' त्यसैगरी एकीकृत समाजवादीकी नेता मन्जु यादवले भनिन, ' प्रत्येक जिल्लामा एउटा प्रतिनिधि सभा र दुईवटा प्रदेश सभा क्षेत्र पाउनु पर्ने हाम्रो अडान छ, यही कुरा पार्टीमा भनेका छौँ ।'

यही सकसका कारण गठबन्धनबीच सिट बाँडफाँड हुन सकेको छैन र काँग्रेसकै संस्थापन इतरलगायत माओवादी र एकीकृत समाजवादीले एमालेसँग पनि भित्रभित्रै छलफल चलाइरहेका छन् । त्यस्तै अहिलेको पाँच दलीय गठबन्धनमा नरहेको लोकतान्त्रिक समाजवादी पार्टी काँग्रेससँगै गठबन्धन गरेर चुनावमा जानेमा ढुक्क भएर बसेको छ । लोसपा सम्बद्ध एक नेताकाअनुसार अहिलेको पाँच दलीय गठबन्धनमा सिट बाँडफाँड नै मिल्दैन र अन्तत : मधेशमा हामी र काँग्रेस गठबन्धन हुन्छ । यी चित्रले आगामी निर्वाचन र गठबन्धन अहिलेकै अवस्थामा रहन्छ भन्ने कुरामा धेरै संशय रहेको छ ।

दसैंको...

हजार र सुर्खेतबाट एकएक हजार गरी दुईदुई हजार क्विन्टल चामल ढुवानी गर्ने जिम्मा समिट एयर र सीता एयर बिक्री भइसकेको र चालु आर्थिक वर्षको चामल ढुवानीलाई दिएको भएपनि सीता एयरले नेपालगन्जबाट एक हजार क्विन्टल ढुवानी जिम्मा लिएर एक सय क्विन्टल मात्र ढुवानी गरेका र बाँकी नौ सय नेपालगन्जबाट र एक हजार सुर्खेतबाट गरी एक हजार नौ सय क्विन्टल र समिट एयरले पुरानो, ६ सय नेपालगन्जबाट एक हजार र सुर्खेतबाट एक हजार गरी दुई हजार ६ सय क्विन्टल चामल अहिलेसम्म ढुवानी नहुँदा यो समस्या आएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड हुम्लाले जनाएको छ ।

वर्षाका कारण समयमा ढुवानी गर्न नसकेको र हिमाली जिल्ला भएकाले बिहान मौसम नखुल्ने र दिउँसो हावा चल्ने भएकाले ढुवानीमा समस्या भएको एयरलायन्सहरुको भनाइ छ । मौसम खुल्ने बित्तिकै ढुवानीको काम सुरु गर्ने एयरलाइयन्सहरुले बताएका छन् ।

घर...

राम्रो हुन्छ ।' कोरोना सङ्क्रमणका कारण रोजगारी गुमाएपछि स्वदेश फर्केकी रावल बाखा, भैंसी र कुखुरापालनका साथै घाँसखेती गरेर वार्षिक दुई लाख आम्दानी गर्छिन् ।

यहाँ कृषि गर्नेहरू समूहमा आवद्ध भएका छन्, उनीहरुको समूहमा २२ महिला छन् । समूहका १८ जनाले व्यावसायिक कृषि र पशुपालन गर्दै आएका छन् । जग्गा भाडामा लिएर सामूहिक अदुवा, खुर्सानी र घाँसखेतीसमेत गर्दै आएका छन् । उनीहरुले मासिक बैठक बसेर छलफल गर्नाका साथै व्यावसायिक योजना बनाउने गर्छन् ।

शिक्षा, स्वास्थ्य र पर्यटनको गन्तव्यको परिचय बनाएको पाल्पा जिल्लाको सदरमुकामको रुपमा रहेको उक्त नगरपालिकाले कृषि र पशुपालनको परिचय पनि थप गरेको छ । सङ्घीय संरचनापछि अधिकांश ग्रामीण वडाहरू मिलेर बनेको तानसेनमा, कोरोना सङ्क्रमणका कारण वैदेशिक रोजगारीबाट फर्किएकाहरूलाई व्यावसायिक काममा सम्लग्न गराएको थियो ।

यहाँका छ सय युवाहरु वैदेशिक रोजगारीबाट फर्किएका छन् । उनीहरुलाई घरमै स्वरोजगार बनाउन नगरपालिकाले युवा कृषि र पशुपालन कार्यक्रम बनाएको थियो, जसअर्न्तगत चार सय युवा जोडिएका छन् । उनीहरुलाई रु १० हजारदेखि ४० हजारसम्म व्यावसायिक अनुदान नगरपालिकाले दिएको छ । 'हाम्रो सानो अनुदानमा युवाहरूले ठूलो लगानी गरी व्यवसाय सञ्चालन गरेका छन् ।' नगरपालिकाका प्रमुख सन्तोषलाल श्रेष्ठले भने, 'तीनवटा बैंकसँग कृषकलाई जोडेका छौँ, थप रकमका लागि सुलभ कर्जा कार्यक्रम सञ्चालन गरेका छौँ ।' यहाँ विभिन्न बैंकहरूबाट छ करोड वढीको सुलभ कर्जा कार्यक्रम सञ्चालन भएको छ ।

व्यावसायिक कृषकले २४ किस्तामा ऋण फिर्ता गरिसकेका छन् । तानसेन कृषि तथा पशु उद्यमशीलता विकास परियोजनामा आवद्ध दुई हजार एक सय ४१ उद्यमीमध्ये चार सय ७२ विदेशबाट फर्केका छन् । उनीहरु दुबई, कतार, मलेसिया र भारतबाट फर्केका युवा हुन् । विदेशबाट फर्केर उद्यमशील बनेका युवा २५ देखि ५० वर्ष उमेर समूहका छन् ।

शे फोक्सुण्डोमा सन्देशमूलक पदयात्रा हुने

■ सौर्य समाचार

काठमाडौं । जलवायु परिवर्तनले पारेको असर सम्बन्धमा नेपालका विभिन्न क्षेत्रका अगुवा महिलाद्वारा डोल्पाको शे फोक्सुण्डो क्षेत्रमा सन्देशमूलक पदयात्रा हुने भएको छ । शे फोक्सुण्डोमा आगामी अक्टोबर ८ देखि १४ तारि खसम्म हुने उक्त पदयात्रामा स्थानीय, प्रदेश र सङ्घीय सरकारको सहयोग रहेको आयोजक संस्था साथसाथै फाउण्डेसनले जानकारी दिएको छ ।

जलवायु परिवर्तन, सामाजिक विकास र महिला सशक्तीकरणका क्षेत्रमा सक्रिय फाउण्डेशनले आयोजना गर्ने उक्त पदयात्रापछि शे फोक्सुण्डो ताल संरक्षण, प्रकृतिमा आधारित पर्यटन विकास र जलवायु परिवर्तनले स्थानीय जनजीवनमा परेको प्रभावलगायत विषयमा अन्तर्क्रिया हुने साथसाथैका अध्यक्ष प्रजिता कार्कीले जानकारी दिए । फाउण्डेसनले जारी गरेको विज्ञप्तिअनुसार शे फोक्सुण्डोमा ' हिमालबाट महिलाको आवाज, जलवायु न्यायका लागि महिला एकता र प्रकृतिमा आधारित पर्यटनको विकास' शीर्षकमा विशेष अन्तर्क्रिया हुनेछ । जलवायु परिवर्तनले उच्च हिमाली क्षेत्रमा महिलाको जनजीवन र पर्यापर्यटनमा पारेको असरबारे ध्यानाकर्षण गराउन विभिन्न क्षेत्रका विज्ञ महिलासहित ६० जनाले पदयात्रा गर्ने भएका हुन् । अध्यक्ष कार्कीले जलवायु परिवर्तनले उच्च हिमाली क्षेत्रमा पारेको असर, स्थानीय महिलाको जनजीवनमा परेको समस्या र प्रकृतिमा आधारित पर्यटनको सम्भावनाको उजागर गर्न र त्यसको समाधानका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराउने उद्देश्यका साथ शे फुक्सुण्डो पदयात्राको तयारी गरेको जानकारी दिए ।

'यो यात्रा जलवायु परिवर्तनले प्रकृति, प्रकृतिमा आधारित पर्यटन र स्थानीयको जनजीवनमा पारेको प्रभावबारे बुझ्न, बहस गर्न र समस्या समाधनको उपाय खोज्ने यात्रा हो', उनले भने, 'हामी घर, घरमा बसेर, आ-आफ्नो पेसा व्यवसाय अँगालेर बसेका नारी जलवायु परिवर्तन र जलवायु न्यायको मुद्दामा तथा महिलाको जनजीवनमा परेको अप्ठ्याराको विषयमा हिँड्दै समस्या सुन्दै, सुनाउँदै अघि बढिरहेका छौँ ।'

एक साता लामो हुने पदयात्रामा समाजका विभिन्न क्षेत्रका अगुवा महिलाका साथै सङ्घीय, प्रदेश र स्थानीय सरकारका विभिन्न तहका सम्बद्ध अधिकारी, कूटनीतिक नियोगका प्रमुख र प्रतिनिधि, सञ्चारकर्मीसहितको सहभागिता हुनेछ । शे फोक्सुण्डो पदयात्रामा तराई मधेससहित विभिन्न प्रदेशबाट प्रतिनिधिमूलक रुपमा सांसद, प्रदेशसभा सदस्य र स्थानीय जनप्रतिनिधि, डोल्पाका स्थानीय र सरोकारवाला पक्षसमेत सहभागी भई शे फोक्सुण्डो घोषणापत्र जारी गर्ने कार्यक्रम छ ।

कार्यक्रममा नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, कर्णाली प्रदेश सरकार, फोक्सुण्डो गाउँपालिका र विभिन्न अन्तर्राष्ट्रिय सङ्गसंस्थासँग सहकार्य हुने आयोजकले जानकारी दिएको छ । 'कार्बन उत्सर्जनमा नगन्य योगदान भए पनि जलवायु परिवर्तनले नेपालको प्रकृति र सामाजिक जीवनमा देखिएका समस्या विश्वलाई सुनाउन चाहन्छौँ । नेपाल सरकार र सम्बद्ध निकायसँग सहकार्य गर्न चाहन्छौँ', अध्यक्ष कार्कीले भने, 'नेपाल प्राकृतिकरुपमा धेरै सुन्दर र सम्पन्न छ तर हामीले यसको दिगो उपयोग गरेर उचित लाभ लिन सकेका छैनौँ ।'

पछिल्ला वर्षहरुमा नेपालमा मात्र होइन, जलवायु परिवर्तनको असर विश्वभर नै बढ्दो छ । हिमाल क्रमशः कालापत्थर हुँदैछन् । बाढी, पहिरो, अतिवृष्टि, अनावृष्टि, बेमौसमी वर्षाले ठूलो धनजनको क्षति हुन थालेको छ । खानेपानीका मुहान सुक्न थालेका छन् । तराई मधेसमा कृषि उब्जनीमा समस्या देखिएको छ । पहाडमा बेग्लाबेग्लै समस्या थपिएका छन् । नेपाल सरकारले त्यसलाई रोकथाम गर्न, जलवायु अनुकूलनका विभिन्न कार्यक्रम पनि ल्याएको छ । त्यसको प्रभावकारी कार्यान्वयनमा सबै साथसाथै जुट्नुपर्ने आवश्यकता छ । यसै सन्दर्भमा कालापत्थर अभियानकै निरन्तरतास्वरुप हुन लागेको यस पदयात्रासहितको विशेष कार्यक्रम जलवायू परिवर्तनले प्रकृति, प्रकृतिमा आधारित स्थानीय पर्यटन र जनजीवनमा पारेको प्रभावबारे बुझ्न, बहस गर्न र समस्या समाधनको उपाय खोज्ने यात्रा हुने आयोजकको दाबी छ ।

साथसाथै फाउण्डेशनले गत मार्च ८ मा विश्वको सर्वोच्च शिखर सगरमाथाको कालापत्थरमा अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा १४ दिने पदयात्रा सम्पन्न गरेको थियो । सो पदयात्रामा समाजका विभिन्न क्षेत्रका ४० प्रतिष्ठित अगुवा महिला सोलुखम्बुको लुक्लादेखि सगरमाथाको कालापत्थर क्षेत्रसम्म पैदल यात्रामार्फत पुगेर कालापत्थरमा जलवायु परिवर्तनसम्बन्धी १० बुँदे विशेष घोषणापत्र जारी गरिएको थियो ।

Invitation For Bids

Bhume Rural Municipality

Office Of The Rural Municipal Executive

Khabangbagar, Rukum (East)

Lumbini Province, Nepal

Invitation for Bids for the construction work under the below mentioned contracts.

First Date of Publication: 2079/05/19 B.S (2022/09/04 A.D)

1. ***Bhume Rural Municipality*** (BRMO) invites electronic bids from Nepalese eligible bidders for the below mentioned Contracts under National Competitive Bidding procedures.
2. A complete set of Bidding Documents may be downloaded by visiting PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Sealed bids must be submitted though electronically to the office ***BRMO Khabangbagar, Rukum (East)*** on or before ***12:00 Noon*** on ***2079/06/18 B.S (2022/10/04 A.D)*** . Bids received after this deadline will be rejected automatically.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***15:00 on 2079/06/18 B.S (2022/10/04 A.D) at*** the office of BRMO ***Khabangbagar, Rukum (East)***. Bids must be **valid** for a period of ***90 days*** after bid opening and must be accompanied by a bid securityamounting to a minimum of ***the below mentioned amount*** which shall be valid for 30 days beyond the validity period of the bid.
5. All other terms and conditions will be as per the Nepal's Government Prevailing Public Procurement Act 2063 and Regulations 2064 including all amendments.
6. ***Bhume Rural Municipality Office (BRMO) Khabangbagar,Rukum (East)*** reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.

Name of the Bank: Citizens Bank International Ltd. , Bhume branch
Name of Office:Bhume Rural Municipality, Khabagbagar,Rukum(East)

	For Bid Document	For Bid Security
A/c name	GA 1.1 BhumeGa.PaAantarikRajaswaKhata	GA 3 Bhume Ga.pa. DharautiKhata
A/c No.	0780100000001202	0780100000030201

7. The Name and identification no of the contracts are as follows.

S.N.	Description of Works	Contract ID	Estimated Amount (with VAT in NRs.)	Bid Document Fee (NRs.)	Bid Security Amount(NRs.)
1	Construction of Jhumlawang-Kyangsi-Gabang-Kankri Road	EGP/BRMO/ NCB/W-01/2079-80	48,00,000.00|-(Forty Eight lakh only)	3,000.00|- (Three thousand only)	1,20,000.00|- (One lakh twenty thousand only)
2	Construction of Ranibash-Kuipa Road	EGP/BRMO/ NCB/W-02/2079-80	48,00,000.00|-(Forty Eight lakh only)	3,000.00|- (Three thousand only))	1,20,000.00|- (One lakh twenty thousand only)
	Construction of Dharmashala-Khung-Maluwa-Khal Road	EGP/BRMO/ NCB/W-03/2079-80	48,00,000.00|-(Forty Eight lakh only)	3,000.00|- (Three thousand only)	1,20,000.00|- (One lakh twenty thousand only)
	Construction of Kuchibang-Simkhola-Lawang Road	EGP/BRMO/ NCB/W-04/2079-80	34,56,000.00|-(Thirty four lakh fifty six thousand only)	3,000.00|- (Three thousand only)	86,400.00|-(Eighty six thousand four hundred only)

Chief Administrative Officer

जनताले अनुभुति गर्ने गरी विकास गर्नुपर्छ : भुसाल

■ हृदय भुसाल

अर्घाखाँची । प्रतिनिधिसभाका उपसभामुख पुष्पा भुसालले विकट क्षेत्रका गरिब तथा निमुखा जनताले समेत विकासको प्रत्यक्ष अनुभुती हुने गरि बिकासको प्रकृया अगाडी बढाउनुपर्ने बताएकी छन् । नेपाल पत्रकार महासंघ अर्घाखाँची शाखाले आईतबार सन्धिखर्कमा गरेको पत्रकार भेटघाट तथा सम्मान कार्यक्रममा बोल्दै उनले यस्तो बताएकी हुन् । भुसालले सबै क्षेत्रको योजनाबद्ध बिकासलाई अगाडी बढाउनु पर्ने भन्दै भौतिक पुर्वाधार, स्वास्थ्य, शिक्षा, कृषि तथा पर्यटनको बिकाससँगै युवाहरुलाई उत्पादनसँग जोड्ने कार्यक्रमहरु समेत सञ्चालन गरिने बताईन् ।

भ्रष्टचार मुक्त समाज निमार्ण गरि सुशासन सहितको बिकास र समृद्ध नेपाल बनाउनु पर्ने भन्दै जनताले महसुस गर्ने गरि लोककल्याणकारी काम गर्नु पर्ने भुसालले बताईन् । मंसिर ४ गते हुन गईरहेको प्रतिनिधीसभा र प्रदेशसभाको निर्वाचनमा गठबन्धनमा सिट बाँडफाटको काम अन्तिम चरण पुगेको बताउदै नेपाली कांग्रेसको केन्द्रीय सदस्य समेत रहेकी भुसालले पार्टीले टिकट दिए अर्घाखाँचीबाट नै प्रतिनिधीसभाको उम्मेदवार बन्ने बताइन् ।

चुनाबी प्रसँगको चर्चा गर्दै भुसालले भनिन, 'युवाहरुलाई पनि समय परिवेश अनुसार अवसर दिनुपर्छ, त्यो कुरामा मेरो कुनै दुई मत छैन् । युवाहरुलाई अवसर दिने बहानामा पुरानालाई निषेधको राजनीति गर्नु हुदैन । यदि त्यो प्रवृति अगाडी बढायौं भने राजनीति नकारात्मक चरणतिर अगाडी बढ्छ भन्ने मेरो मान्यता हो । व्यक्ति यो वा त्यो भन्दापनि उसले गर्ने काम सबैभन्दा महत्वपुर्ण हो ।' राज्यका तिनै तहका सरकार हरुको आपसी समन्वयबाट नै जनतालाई स्वरोगार बनाउने, तथा आर्थिक हिसावले पनि शसक्तिकरण गराउन सबै पक्ष लाग्नु पर्ने बताईन् ।

विगत देखी नै आफूले जिल्लाको बिकासमा महत्वपुर्ण भुमिका निर्वाह गर्दै आएको भन्दै भुसालले गोरुसिंगे सन्धिखर्क सडक, सालझण्डी ढोरपाटन बाटोको पुर्णता तथा स्तर उन्नतीका लागी सरकारबाट प्रयाप्त बजेट बिनीयोजन गर्न लागेको समेत बताईन्। अर्घाखाँची जिल्लामा बाँदर, बदेल जस्ता जँगली जनावरबाट जनधनको क्षती हुनुका साथै आम जनताको दैनिक जिवनमा समेत समस्या परेको बिषयमा आफ्नो गम्भिर ध्यानाकर्षण भएको भन्दै उपसभामुख भुसालले उक्त समस्याको सामाधानका लागी बलियो कानुन बनाएर समस्या सामाधान गर्ने बताइन् । साथै अन्य बिभिन्न समस्याहरुका बिषयमा पनि कानुन निमार्ण गरि जनताको अनुकुलतामा काम गर्ने बताईन् ।

आम जनताले तिरेको करलाई मुलुकको बिकास र समृद्धिका लागी करलाई सहि ढंगले प्रयोग गर्नुपर्ने भन्दै पत्रकारले सुशासन र बिकासका लागी निरन्तर आवाज उठाउदै सामाजिक बिकासका सवै क्षेत्रमा पत्रकारको महत्वपुर्ण भुमिका रहने बताईन् । उपसभामुख भुसाल अर्घाखाँचीबाट प्रतिनिधीत्व गर्दै राष्ट्रिय राजनितीमा प्रभाव राख्दै प्रतिनिधि सभाको उपसभामुख पदमा निर्वाचित भएको भन्दै पत्रकार मंहासंघ अर्घाखाँची शाखाले सम्मान समेत गरेको थियो ।

एसईईपछि विद्यालय छाड्ने क्रम बढ्दो

■ हस्त चौलागाईं

कालिकोट । कालिकोट जिल्लाका दलित बालबालिकामा एसईईपछि वद्यिालय छाड्ने क्रम बढेको एक अनुगमनले देखाएको छ । दुर्गम तथा पहाडी भेगमा गरिबी र अशिक्षाका कारण यस्तो समस्या देखिएको छ। कालिकोट जिल्लाको खाँडाचक्र नगरपालिका- ५ मटेला निवासी धनपुरा बिक अहिले १३ वर्षकी भइन् । उनी चुलिमालिका माध्यामिक विद्यालयकी एक विद्यार्थी हुन् । उनलाई पनि यो समस्याले पिरोलिरहेको थियो । नेपाल राष्ट्रिय दलित समाज कल्याण संघले मासिक छात्रावृति उपलब्ध गराएपछि आफूलाई पढाईमा केही सहज भएको धनपुराको भनाई छ। आफूले छात्रावृतिमा पढ्न पाए पनि आफ्नो माइली दिदी सुनिता सुनारले एसईइमा २.७५ जिपिए ल्यायर पास गरेकी छन् । उनलाई कक्षा ११ र १२ मा भर्ना हुन समेत आर्थिक अवस्था कमजोरका कारण बिचमै पढाइ छोड्नुपर्ने बाध्यता भएको धनपुराले बताइन् ।

धनपुराको घरमा अहिले आमा बुवा, तीन दाजुभाइ र दुई बहिनी गरी सात जनाको परिवार छ। धनपुराका बुवा भने भारतको उत्ताखण्डमा ज्याला मजदुरी गरी परिवारलाई छाक टार्ने जोहो गर्छन् । तर, केही बालबालिकाको लागि भने नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ उत्तीकै सहारा बनेको छ । सेभ द चिल्ड्रेनको आर्थिक सहयोग, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघको साझेदारीमा सञ्चालित नेपाल छात्रावृति कार्यक्रम लागू भएको २०७० सालदेखि हालसम्म ६ सय ६७ जना दलित विद्यार्थीहरुले सेवा लिएको नेपाल राष्ट्रिय दलित समाज कल्याण संघको साझेदारीमा सञ्चालित नेपाल छात्रावृति कार्यक्रम अधिकृत गोरक नेपालीले बताए । अधिकृत नेपालीले सेवा लिएकामध्ये अहिले ७ जना स्थायी र ३६ जना अस्थाई गरी जम्मा ४३ जनाले रोजगारी अर्थात जागीर प्राप्त गरेको बताए । कार्यक्रम हाल खाँडाचक्र नगरपालिको साविक मान्म, दाहा र शुभकालिका गाउँपालिकाको साबिक भर्ता, सुकाटिया,र कालिका मुग्राहामा लागु भएको अधिकृत नेपालीले बताए ।

शनिबार भएको संयुक्त अनुगमनमा जिल्ला समन्वय समिति कालिकोटका सदस्य अजबहादुर बम, शिक्षा विकास तथा समन्वय इकाइ कालिकोटका प्रविधिक साहयक सुनिता रोकाया, नेपाल पत्रकार महासंघ कालिकोट शाखा सचिव खडानन्द अधिकारी, रारा न्युजका अध्यक्ष कर्ण कुमाल, कार्यक्रम लागु भएका क्षेत्रका शिक्षक, सेवालिने विद्यार्थीलगायतका सरोकारवालाको सहभागिता रहेको थियो। अनुगमनका सहभागीले भने कार्यक्रमले दलित विद्यार्थीमा विद्यालयजान र पढ्न हौसला प्रदान गरेकाले कार्यक्रमको क्षेत्र कालिकोट जिल्लाका ९ वटै स्थानीय तहमा सवस्थार गरिनुपर्ने सुझाव दिएका थिए ।

प्रेस युनियनलाई १० लाख दिने निर्णयको विरोध

■ रुपक कालिराज

मकवानपुर । हेटौंडा उपमहानगरपालिकाले नेपाली कांग्रेस निकट प्रेस युनियनलाई १० लाख रुपैयाँ दिने निर्णय गरेको बिरोधमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मकवानपुरले विरोध प्रर्दशन गरेको छ । राप्रपाले ञ्याली सहित उपमहानगरपालिका परिसर विरोध गरेको हो । नगरपालिकाले गत भदौ १५ गते सम्पन्न कार्यपालिका बैठकले प्रेस युनियनलाई श्रावण ६ र ७ गते हेटौंडामा भएको ९औं राष्ट्रिय अधिवेशनमा भएको खर्च मध्ये १० लाख रुपैयाँ उपलब्ध गराउने निर्णयको बिरोधमा प्रर्दशन गरेको जिल्ला नेता ज्ञानु ढुंगेलले बताए ।

जनताको करबाट विकस निर्माणका खर्च गर्नुपर्ने रकम कुनै पार्टीको भातृ संगठनको अधिवेशनलाई खर्च दिनु गैरजिम्मेवार काम भएको भन्दै आफुहरुले विरोध कार्यक्रमको आयोजना गरेको राप्रपा मकवानपुरका उपाध्यक्ष सागर थापाले बताए। 'पालिकाले गरेको उक्त निर्णय सञ्चाउनु पर्छ, यदि नसच्याए जे पनि हुन सक्नेछ' राप्रपा मकवानपुरका सहसचिव लक्ष्मण सापकोटा भने । उनले भ्रष्टाचार विरुद्ध राप्रपा आगो भएर उत्रने बताए । कमिसन र भ्रष्ट्राचारले जनतालाई निकै समस्यामा पारेको भन्दै सापकोटाले अब राप्रपा शुसासनको लागि सधै जनताको साथमा रहने बताए ।

पर्यटन प्रवर्द्धधन गर्न साइकल ञ्याली हामखोला महोत्सव

■ प्रमिशा विक

लमजूङ । लमजुङ जिल्लाको मर्स्याङ्दी गाउँपालिकामा पर्यटन प्रवर्द्धन गर्न दोस्रो हामखोला महोत्सव आयोजना गरिएको छ। उक्त महोत्सवमा साइकल ञ्याली
बेसीशहर देखि भुलभुले हुँदै डादीबजारसम्म साईकल ञ्याली गरिएको हो । मर्स्याङ्दी गाउँपालिका ८ भुलभुले स्थित हामखोला झरनामा दुईदिन पर्यटन प्रबर्द्धनका लागि दोस्रो महोत्सव आयोजना गरिएको छ। सोही अवसरमा र्यारलि आयोजना गरिएको हो । सदरमुकाम बेसीशहर देखि सुरु भएको साईकल ञ्यालीको बेसीशहर नगरपालिकाका प्रमुख गुमानसिंह अर्यालले उद्घाटन गर्दै साईकल यात्रीलाई वधाई एवं यात्रा सफलताको शुभकामना दिएका थिए । सो अवसरमा उनले साईकल यात्रा प्रभावकारी हुने साथै वातावरण मैत्री र आर्थिक हिसाबले पनि कम खर्चिलो हुने बताए । साईकल सकरात्मक सन्देशमुलक कार्य भएकाले सरोकारवालाहरुले यसलाई निरन्तरता दिंदै अघि बढाउनु पर्नेमा उनले जोड दिए। हामखोला छहरा व्यवस्थापन समितिका अध्यक्ष प्रमोद घलेको अध्यक्षतामा भएको सो कार्यक्रममा पर्यटन व्यवसायी एवं लमजुङ उद्योग बाणिज्य संघका पूर्वअध्यक्ष रामकुमार श्रेष्ठ लगायत व्यवसायी र सञ्चारकर्मीको सहभागिता रहेको थियो । साईक्लिङ एशोसियसन लमजुङका अध्यक्ष ध्रुवराम प्रधानको अगुवाईमा एकदर्जन साईकल यात्रीले सहभागिता जनाएका छन् ।

गाउँपालिकाले सम्वृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधार, कला संस्कृतिको संरक्षण, कृषि, पर्यटन, उर्जा र पूर्वाधार भन्ने नारा तय गरेको छ। गाउँपालिकामा पर्यटन र पर्यटकीय गतिविधि वृद्धि गर्ने लक्ष्यका साथ महोत्सव आयोजना गरिएको गाउँपालिका अध्यक्ष गुरुङले बताए ।

बालुवा बेचेर घरखर्च

■ नन्दबहादुर रोकाया

मुगु । छायाँनाथ रारा नगरपालिका ६ बालैका मिनबहादुर भाम हरेक बिहान बालै बगरमा बालुवा निकाल्न पुग्छन । बिहानै खोलामा पुग्ने उनी बेलुका अबेर मात्रै घर फर्किन्छन् । वडा ७ तलिघुईरका भिमबहादुर नेपाली पनि हरेक दिन खोलामा गएर बालुवा निकाल्ने काम गर्दै आएका छन् । दिनभर खोलाबाट बालुवा निकाल्दा मुस्किलले एक टर्याली सम्म हुने र त्यहींबाट आएको पैंशाले घरखर्चको जोहो गर्ने गरेको मिनबहादुर र भिमबहादुर सुनाउँछन । मिनबहादुर र भिमबहादुर मात्रै होइनन् बालै गाउँ ६३ घर र तलिघुईरका ३० घरधुरीका अधिकांशको आम्दानीको मुख्य स्रोत, रोजगारी नै दैनिकी खोलाको बालुवा निकाल्न मै बित्छ ।

यहाँका स्थानीयको मुख्य पेशा कृषि नै हो । परम्परागत रुपमा गरिने कोदो, धान, फापर, कागुनो, चिनोखेतीले परिवार पाल्न नपुगेपछि उनीहरु आफ्नो स्वास्थ्यको ख्याल नै नगरि बालै खोलातिर बालुवा निकाल्ने र घरखर्चको जोहो गर्ने गर्छन् । बालैगाउँ सडक सञ्जालमा जोडिएपछि गमगढी बजारलगायत स्थानमा पक्की घर बन्न थालेका छन् । जसका कारण बालुवाको माग बढेको छ । यस क्षेत्रका स्थानीय बर्षामा बालुवा निकाल्ने र हिउँदमा बालुवा बेच्ने, बर्षभरी घर खर्च चलाउने, बालबच्चा पढाउने गर्दै आएका स्थानीय जयकृष्ण नेपालीले बताए ।

उनका अनुसार यस क्षेत्रका स्थानीयको लागि बालुवा आम्दानीको मुख्य स्रोत भएको छ । बालुवाबाट एउटा परिवारले बर्षमा कम्तिमा ५० हजारदेखि दुई लाख रुपैयाँसम्म आम्दानी गर्ने गरेका छन । ६३ घर रहेको बालै गाउँमा तीन जना मात्र रोजगारी छन्, अरु सबै जना बेरोजगार छन् ।

३० घरधुरी रहेको तलिघुईरका सबै दलित हुन् उनीहरु पनि कोहि रोजगार छैनन् । सबैको मुख्य पेशा खोलाबाट बालुवा निकाल्ने र त्यहीं रकमबाट घरखर्च सञ्चालन गर्ने रहेको छ ।

लमजुङबाट प्रदेशसभामा कांग्रेसका ४१ आकांक्षी

■ सौर्य समाचार

लमजुङ । आगामी मंसीर ४ गते हुने निर्वाचनमा नेपाली कांग्रेस लमजुङबाट प्रदेशसभा सदस्यको लागि ४१ जनाले आकांक्ष व्यक्त गरेका छन् । प्रदेशसभा सदस्यका लागि प्रत्यक्षतर्फ ११ जना र समानुपातिकतर्फ ३० जनाले आकांक्षा व्यक्त गरेका हुन् ।

प्रदेश 'क' को प्रत्यक्षतर्फ शंकरकान्त जोशी, सुवास पौडेल, रामकृष्ण कँडेल र डिकेन्द्रराज कँडेल गरी ४ जनाले आकांक्षा र खेका छन् ।

प्रदेश 'ख' प्रत्यक्षतर्फ आनन्द घिमिरे, शिवराज रिमाल, नवराज न्यौपाने, भेषबहादुर पौडेल, लक्ष्मीकान्त पौडेल, गमप्रसाद गुरुङ र ललितकुमार गुरुङ गरी ६ जनाले आकांक्ष व्यक्त गरेका छन् । प्रदेश 'क' को समानुपातिकतर्फ टीकाराम पौडेल, खुशीमाया गुरुङ, भिउसेन दमै, खुशीमान गुरुङ, बुधमान गुरुङ, छुपीमाया गुरुङ, धनकुमारी गुरुङ, प्रकाश चिलुवाल, मुक्तिनाथ दवाडी, सुप्रिया जोशी, विष्णुमाया न्यौपाने धिताल, चिनबहादुर कामी थापा, गोविन्द्रप्रसाद धिताल र हुमराज दवाडी गरी १४ जना आकांक्षी रहेका छन् ।

प्रदेश 'ख' को समानुपातिकतर्फ टीकाकुमारी बस्याल, पार्वती तामाङ, सुस्मिता अधिकारी कार्की, हरिप्रसाद गुरुङ, स्थीरबाबु खाती, शैलेन्द्र घिमिरे, गोपाल खाती, भीमबहादुर दुरा, ज्ञानु शाह, गणेशप्रसाद न्यौपाने, बद्रिमान श्रेष्ठ, रघुनाथ गुरुङ, सूर्यकला बराल कोइराला, सिर्जना गुरुङ, राधा श्रेष्ठ र गोपाल परियार रहेका छन् ।

जनप्रतिनिधिलाई सम्मान, विद्यार्थीलाई छात्रवृत्ति

■ राम योङहाङ

इलाम । इलामका १४ जना लिम्बू समुदायका जनप्रतिनिधि सम्मानित भएका छन् । गत ३० बैशाखमा भएको स्थानीय तह सदस्य निर्वाचनमा निर्वाचित लिम्बू समुदायका नगरप्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यहरु सम्मानित भएका हुन् । किरात याक्थुङ चुम्लुङको ३४ औं स्थापना दिवसको अवसरमा इलाम सदरमुकाममा आयोजित कार्यक्रममा चुम्लुङ जिल्ला शाखाले नगरप्रमुख, उपप्रमुख, अध्यक्ष र उपाध्यक्ष गरी ६ जना र चुम्लुङ इलाम नगर शाखाले वडा अध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्य गरी ८ जनालाई सम्मान गरेको हो ।

चुम्लुङ जिल्ला शाखाबाट सम्मानित हुनेहरुमा माई नगरपालिका नगरप्रमुख खम्बसिंह लिम्बू योङहाङ, इलाम नगरपालिकाकी उपप्रमुख विष्णुकुमारी लिम्बू, चुलाचुली गाउँपालिकाका अध्यक्ष राजेन्द्र केरुङ र उपाध्यक्ष दिलकुमारी लिम्बू (योङहाङ), माईजोगमाई गाउँपालिकाका अध्यक्ष कुशबहादुर थेवे र माङसेबुङ गाउँपालिकाका उपाध्यक्ष विनोद नेम्बाङ रहेका छन् ।

उनीहरुलाई किरात याक्थुङ चुम्लुङ इलामकी अध्यक्ष बुद्धमाया सोङ्मी र किरात याक्थुङ चुम्लुङका संघीय सल्लाहकार मोहनसिंह थेवेले खदा र सम्मानपत्र प्रदान गरी सम्मान गरेका थिए। त्यसैगरी चुम्लुङ इलाम नगर शाखाबाट सम्मानित हुनेहरुमा इलाम नगरपालिका ११ का वडाअध्यक्ष टासी जवेगू, १२ का वडाध्यक्ष लाखमान लिङदम, कार्यपालिका सदस्य धनमाया लिङदम र विवीमाया लिम्बू, वडा नम्बर ४ का वडा सदस्य विष्णु सुब्बा, वडा नम्बर ५ की महिला सदस्य वसन्ती लिम्बू, वडा नम्बर ६ की महिला सदस्य विनादेवी लिम्बू र वडा नम्बर १२ का वडा सदस्य टिकाबहादुर एक्तेन रहेका छन् । उनीहरुलाई चुम्लुङ नगर अध्यक्ष राम लिङदम र संघीय सल्लाहकार थेवेले सम्मानपत्र प्रदान गरी सम्मान गरेका थिए । यस्तै सोही कार्यक्रमको अवसरमा चुम्लुङले विभिन्न साँस्कृतिक अभियानमा सहयोग पुर्याएको भन्दै किरात याक्थुङ फक्ताङलुङ साप्थिम्गेन मान्जुम्भो इलाम नगरपालिका ११ सोयाकलाई समेत सम्मान गरेको छ । यसैबीच स्थापना दिवसको अवसरमा किरात याक्थुङ चुम्लुङ इलामले ५ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ । किरात याक्थुङ चुम्लुङ याक्थुङ सहयोग कोषबाट प्रदान गरिने १० हजार रुपैयाँको एसईई सर्वोत्कृष्ठ छात्रवृत्ति अन्तरगत छात्रतर्फ खान्द्रङ माध्यमिक विद्यालय दउमाईका दिपेन लिम्बू र छात्रातर्फ जनता मावि चुलाचुलीका मौलिका जवेगूले पाएका छन् । २०७८ को एसईईमा सहभाग देशभरका लिम्बू विद्यार्थीमध्ये सर्वोत्कृष्ठ छात्र र छात्रा दुवै छात्रवृत्ति इलामले पाएका छन् ।

त्यस्तै किरात याक्थुङ चुम्लुङ याक्थुङ सहयोग कोषबाट कक्षा ९ र १० मा अध्ययरनत विद्यार्थीलाई प्रदान गरिने ५ हजार रुपैयाँको गरिब तथा जेहेन्दार छात्रवृति खान्द्रङ मावि दउमाईकी दिपिका फागो (कक्षा १०) र महेन्द्रोदय मावि माङसेबुङका अप्पसन योङहाङ लिम्बू (कक्षा ९) ले पाएका छन् । यसैगरी किरात याक्थुङ चुम्लुङ इजरायल कल्याण कोषबाट नियमित रुपमा प्रदान गरिने १० हजार रुपैयाँको गरिब तथा जेहेन्दार छात्रवृति बालकन्या मावि इलामकी श्रेया येक्तेन लिम्बू (कक्षा ९) ले पाएकी छन् ।

कार्यक्रमका वक्ताहरुले आफ्नो समुदायको भाषा, लिपी, धर्म, संस्कार, संस्कृतिको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन, विस्तार र विकासमा सबैले आआफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा चुम्लुङका संघीय सल्लाहकार थेवे, चुम्लुङका संघीय सदस्य एवम् आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठानकी कार्यकारिणी सदस्य निर्मला तावा लिम्बू, चुम्लुङ इलामका सल्लाहकार यामप्रसाद लिम्बू, इलाम नरपालिकाकी उपप्रमुख विष्णुकुमारी लिम्बू, चुलाचुली गाउँपालिकाका अध्यक्ष राजेन्द्र केरुङ, माईजोगमाई गाउँपालिकाका अध्यक्ष कुशबहादुर थेवे र माङसेबुङ गाउँपालिकाका उपाध्यक्ष विनोद नेम्बाङले मन्तव्य राखेका थिए ।

यस्तै माई नगरपालिका र फाकफोकथुम गाउँपालिकाले पनि आफ्नो पालिकाका वडा अध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यहरुलाई सम्मान गरेको छ । शुक्रबार किरात याक्थुङ चुम्लुङको स्थापना दिवसका अवसरमा चुम्लुङ केन्द्रीय समिति, लिम्बुवान र नेवा तामसालिङ प्रदेश समितिसहित १३ वटा जिल्ला समिति र विभिन्न विदेश शाखाहरुले समेत विभिन्न कार्यक्रम गरी स्थापना दिवस मनाएका छन् । लिम्बू समुदायको भाषा, लिपी, धर्म, संस्कार, संस्कृतिको खोज, अनुसन्धान, संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन, विस्तार र विकास गर्ने उदेश्यले २०४६ सालमा किरात याक्थुङ चुम्लुङको स्थापन भएको थियो । हाल केन्द्रीय समितिसहित दुईवटा प्रदेश समिति, १३ वटा जिल्ला समिति र विभिन्न विदेश समिति क्रियाशील छन् ।

सौर्य दैनिक
SOURYA NATIONAL DAILY

सम्पादकीय

अव्यवस्थित शहरीकरणको समस्या

काठमाडौं महानगरपालिकाले आरम्भ गरेको अवैधानिक संरचना हटाउने अभियानको सकारात्मक प्रभाव देशभरी परेको छ । ललितपुर, पोखरा र भरतपुर महानगरपालिका, हेटौंडा र धनगढी उपमहानगरपालिका, मध्यपुर थिमि, कोहलपुर, मेलम्ची लगयातका नगरपालिकाहरुले अवैध संरचना हटाउने अभियान धमाधम सुरु गरेको समाचार आएका छन् । मलुकको राजधानी समेत भएका कारण काठमाडौंको सन्देश द्रुतगतिमा देशव्यापी पुग्नु स्वभाविकै हो । आफ्नो अभियानमा काठमाडौं सफल भयो भने मुलुकका अन्य शहरी क्षेत्रमा पनि सकारात्मक सन्देश जान्छ । नेपालमा शहरी जनसंख्याको प्रतिशत ह्वात्तै बढेको छ । गाउँपालिकाहरुमा कुल जनसंख्याको एक तिहाई भन्दा कम बसोबास छ । स्थानीय तहको पुनसंरचनाका क्रममा पुर्वाधार नपुगेका धेरै क्षेत्रहरुलाई नगरपालिकाहरुको सीमाभित्र समेटिएको छ । अहिलेको जस्तो अव्यवस्थित शहरीकरणको दुस्चक्रमा मुलुक नपरोस भन्नाका लागि जनसंख्या वृद्धि हुने संभावित क्षेत्रलाई नगरपालिका कायम गरिएको हो । नेपालमा नगरपालिकाको इतिहास साँढे सात दशक पुरानो हो । व्यवस्थित सहरीकरणका लागि नगरपालिकामा दक्ष प्राविधिक जनशक्तिको व्यवस्था नगरिएको पनि होइन, सडक, भवन लगायतका मापदण्डका लागि कानुन निर्माण नगरिएको पनि होइन । २०४० साल पछि त आवास तथा भौतिक योजनाका लागि छुट्टै मन्त्रालय समेत स्थापना गरिएको थियो । तर कानुन पालना गराउने तर्फ न त स्थानीयतह तथा निकाय गम्भीर बने, न त मन्त्रालयले नै अनुगमन गऱ्यो । जसले गर्दा सडक मिचेर मापदण्ड विपरित भवन निर्माण गर्ने विकृतिले संस्थागत रुप धारण गऱ्यो । यही विकृतिको उपज हो काठमाडौं महानगरपालिकाको वर्तमान हविगत ।

मुलुकको राजधानी समेत रहेको, सबैले देख्ने र सुन्ने ठाउँ काठमाडौंको हालत त यस्तो छ भने अरु शहरहरुको हालत कति गए गुज्रेको होला ? भन्ने अनुमान यसै पनि लगाउन सकिन्छ । उदाहरणका लागि कुनै बेला काठमाडौं पछिको दोस्रो शहर रहेको मुलुकको औद्योगिक नगरी विराटनगरमा एउटा हरियाली पार्क सकेत छैन । वीरगन्जको कुरा गर्ने हो भने झन बैराग छ । जनकपुर झन खुम्चिँदै गएको छ । नेपालको पहिलो आधुनिक टाउन प्लानिङ गरिएको शहर राजविराज ६० वर्ष नाघिसक्दा पनि सामान्य गाउँ भन्दा माथिल्लो स्तरमा उक्लन सकेको छैन । लाहुरेहरुको बस्ती भएका कारण पोखरा र धरान तुलनात्मक रुपमा राम्रा शहर मानिन्छन्, तर पछिल्लो डेढ दशकमा धरान र पोखराले समेत आफ्नो हैसियत गुमाउँदै लगेका छन् ।

नेपाल विकाशिल देश भएकोले शहरीकरणको गति तिब्र छ । सरकारले मध्यपहाडी लोकमार्ग , तराईको हुलाकी राजमार्ग तथा विभिन्न हिमाली क्षेत्रमा गरी ५४ वटा आधुनिक शहर निर्माण गर्ने योजना अघि सारेको ढेड दशक वितेको छ । यी ठाउँहरुको घडेरी किन्ने र घर बनाउने क्रम तिबै रुपमा सुरु भएको छ । तर सरकारी स्तरमा व्यवस्थित टाउन प्लानिङ अझै सुरु भएको छैन । जग्गा दलालहरुले आँफुलाई अत्याधिक मुनाफा हुने गरी घडेरी प्लटिङ गरिरहेका छन् । यही प्लटिङलाई टाउन प्लानिङ भन्न थाल्ने हो भने भविष्यमा धेरै ठूलो दुख भोग्नु पर्ने निश्चित छ । महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका गरी शहरी क्षेत्रलाई तिन वर्गका स्थानीय तहमा संरचना गरिएको छ । तर एउटै क्षेत्रभित्र धेरै पालिकाहरु निर्माण गरिएका कारण शहरी क्षेत्र व्यवस्थापनमा भद्रगोल उत्पन्न भएको छ । उदाहरणका लागि काठमाडौं उपत्याकाको सानो क्षेत्रमा अलग अलग १८ वटा पालिका छन् । जबकी यी १८ वटै पालिकालाई एउटै छानामुनी नल्याए सम्म कतिपय समस्या समाधान हुनेवाला छैन । त्यसो त रुपन्देशी क्षेत्रमा बुटवल, तिलोत्तमा, सिद्धार्थनगर, सैनामैना र देवदह गरी पाँच पालिका बनाइएको छ । जबकी यी पाँच वटालाई गाभेर एउटै महानगरपालिका संरचना गरिनु पर्ने थियो । कोहलपुर र नेपालगन्जको हालत त्यस्तै छ । धनगढी र अत्तरियाको हालत पनि त्यस्तै छ । पालिकाका मेयरहरु काम देखाउनका लागि जुरमुराउन सकरात्मक पाटो हो, तर स्थानीयतहको पुनसंरचनाका क्रममा जुन त्रुटी गरिएको छ, त्यो यथावत रहेसम्म बालेन शाहहरु तात्नु भनेको बींड ताते जस्तै हो । खाना पाक्नका लागि ताप्के नै तात्नु पर्छ ।

वैदेशिक मुद्रा आर्जनको दीगो स्रोत जलविद्युत निर्यात

एन. पी. रिजाल

अबको दुई वर्ष पछि बार्षिक दुई खर्ब रुपैंयाको विद्युत निर्यात हुने नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिडले दावी गरेका छन् । आफ्नो कार्यशैलीका कारण कार्यकारी निर्देशक शाक्यले आफ्ना दावीहरुलाई पत्याउने आधार बनाएका छन् । नेपालका लागि जलविद्युतको निर्यात धेरै नै महत्वपूर्ण छ ।

विदेशबाट वस्तु आयात गर्दा लाग्ने लागत विदेशी परिवर्त्य मुद्रामा भुक्तानी गर्नुपर्छ । वर्तमान आर्थिक संरचनामा कुनै एक देशसँग मात्र वैदेशिक व्यापार नहुने कारण सबै देशहरुले स्वीकार गर्ने परिवर्त्य मुद्रामा नै कारोवार गर्नुपर्छ । नेपालको अन्तर्राष्ट्रिय व्यापारको ठूलो हिस्सा भारतसँग छ । भारतसँगको द्विपक्षीय व्यापारमा पनि भारतीय मुद्राको प्रयोग हुनु पर्ने हो तर भुक्तानीको ठूलो हिस्सा अमेरिकी डलरमा नै गर्नुपर्ने हुन्छ । भारतमा अध्ययन, स्वास्थ्य उपचार गर्न जाने नेपालीहरुले भारतीय मुद्राको प्रयोग गर्दछन् । तर तेस्रो मुलुकसँग हुने नेपालको व्यापार अमेरिकी डलरमा नै हुन्छ ।

विगत अढाई वर्ष लामो विश्वव्यापी कारोना महामारीको कारण अन्तर्राष्ट्रिय पर्यटन व्यवसाय प्रभावित भएको छ भने युक्रेन र रसिया बीचको युद्धका कारण विश्वबजारमा वस्तु तथा सेवाको मुल्यवृद्धि आकासिएको छ । अन्तर्राष्ट्रिय व्यापारमा आयातको हिस्सा ज्यादा भएको नेपाल जस्ता देशहरुले अमेरिकी डलरको सञ्चितीको अभाव सामना गरिरहेका छन् । श्रीलङ्कामा अमेरिकी डलरको अभावका कारण सिर्जना भएको आर्थिक संटकका कारण राजपाक्षे परिवारको हातबाट सत्ताको बागडोर नै गुम्न पुग्यो । अमेरिकी डलरको अभावका कारण विश्वबजारबाट वस्तु आयात गर्न नसक्ने अवस्थामा पुगेको श्रीलङ्काको अर्थतन्त्रको जस्तो संकट नेपाल, बंगलादेश, पाकिस्तानको अर्थतन्त्रमा पनि देखिन थालेको विषयमा वहस भएको पनि लामो भैसक्यो ।

वैदेशिक मुद्रा आर्जनका धेरै स्रोतहरु छन् । विश्वका सबै देशको वैदेशिक मुद्रा आर्जन गर्ने भरपर्दो स्रोत भनेको निर्यात व्यापार हो । नेपालमा निर्यात व्यापारको परिमाणले आयातको परिमाण धान्न सक्ने अवस्था छैन । घाटा व्यापार गरिरहेको नेपालले अन्तर्राष्ट्रिय व्यापारमा आयातको परिमाण धान्नका लागि रेमिट्यान्स आयको रकम खर्च गरिरहेको छ । नेपाल घुम्न आउने विदेशी पर्यटकले नेपालमा खर्च गर्ने रकमले अमेरिकी डलरको सञ्चितीमा थोरै भए पनि योगदान दिइरहेको छ । नेपालमा पर्यटन व्यवसायको ठूलो सम्भावना छ । विश्वका ठूलो जनसंख्या भएको देशहरु चीन र भारतको बीचमा रहेको नेपालले यी दुई देशबाट पर्यटकहरुबाट नै धेरै आय आर्जन गर्न सक्छ । तर वैदेशिक मुद्रा आर्जन गर्ने दीगो क्षेत्रको रुपमा पर्यटन व्यवसायलाई लिनु घातक हुन्छ । पर्यटन व्यवसाय कुनै पनि देशको राजनीतिक उथलपुथल, त्यस्ता देशमा प्राकृतिक विपत्तिले पनि प्रभाव पार्छ । कोरोना महामारीका कारण नेपालको पर्यटन व्यवसाय पनि प्रभावित भयो । यस अघि भुकम्पका कारण प्रभावित भयो , भारतीय नाकावन्दीका कारण पनि प्रभावित भयो । दश वर्षसम्म माओवादीको सशस्त्र युद्धका कारण नेपालको पर्यटन व्यवसाय प्रभावित भयो । आज श्रीलंकाले संकट बेहोर्नुपर्नाको मुख्य कारण पनि पर्यटन व्यवसायको अत्याधिक भरपर्दा हो । पर्यटन व्यवसायको ठूलो मात्रामा आय आर्जन गर्दै आएको श्रीलङ्कामा भएको आतङ्ककारी हमला र कोरोना महामारी पछि ठूलो प्रभाव परेको हो । पर्यटन व्यवसायमा कमी आउँनाले पनि श्रीलङ्कमा अमेरिकी डलरको संचितीमा कमी आएको हो । जबसम्म विदेशी मुद्रा आर्जनका स्रोतमा विविधता अपनाउन सकिन्न तबसम्म परिवर्त्य मुद्रा संकटको जोखिम रहन्छ । त्यो जोखिममा हामी छौं । रेमिट्यान्स बाहेक बैदेसिक मुद्रा आर्जनको भरपर्दो विकल्प अहिलेसम्म हामीले अवलम्वन गर्न सकेका छैनौ ।

> **वैदेशिक मुद्रा आर्जनको दीगो स्रोत जलविद्युत निर्यात गत आर्थिक वर्ष देखि भारतीय बजारमा बजार मागको आधारमा नेपाल विद्युत प्राधिकरणले जलविद्युत उर्जा निर्यात गर्दै आइरहेको छ । भारतसँग ऊर्जा एक्चेन्ज सम्झौता अर्न्तगत ३४४ मेगावाट जलविद्युत निर्यात भइरहेको छ । भारतमा उर्जाको माग धेरै भएको कारण आगामी दिनमा भारतले नेपालबाट जलविद्युत उर्जा खरिद गर्ने सम्भावना उच्च छ । नेपालका नदीहरूबाट ठूलो परिमाणमा उत्पादन भएको जलविद्युत भारतमा निर्यात गर्न सके दीगो रूपमा विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । भारत पछि नेपाली जलविद्युत ऊर्जा निर्यातको ठूलो सम्भावना बोकेको देश बंगलादेश हो**

नेपालको वर्तमान आर्थिक संरचना रेमिट्यान्समा आधारित आर्थिक संरचना बनेको छ । वैदेशिक मुद्रा आर्जनमा रेमिट्यान्सको ठूलो योगदान छ । विश्वका विभिन्न मुलुकमा दक्ष र अर्धदक्ष श्रमिक पठाएर आय आर्जन गर्ने कारण नेपालको आयात मात्र धानिरहेको छैन, सिंगो अर्थतन्त्र नै चलिरहेको छ । सरकार पनि देशमा विद्यमान रोजगारका अवसरको अभावको दबाब थेग्न नसकेर नयाँ गन्तव्य देशको खोजी गरिरहेको छ । अल्पकालिन रुपमा रेमिट्यान्स आयबाट अमेरिकी डलरको संचितीलाई सन्तुलनमा राख्न सकिए पनि हुन्डी मार्फत हुने कारोवार नरोकिएसम्म यसले अपेक्षाकृत रुपमा अमेरिकी डलरको संचितीमा प्रभाव पार्न सक्दैन । अर्कोतिर नेपाली कामदारका लागि विश्व बजारमा लामो समयसम्म रोजगारको सम्भावना पनि देखिदैन । एकातिर प्रविधिको विकाससँगै सम्पन्न देशहरुमा पनि श्रमको ठाउँमा मेसिनको प्रयोग ज्यादा भइरहेको छ भने विकास निर्माणका काम सम्पन्न भएसँगै वैदेशिक श्रमिकको मागमा कमी हुनेछ । अन्तर्राष्ट्रिय घटनाक्रम, प्राकृतिक प्रकोपले गन्तव्य देशमा दीर्गकालिन रुपमा श्रमिक पठाउन सकिदैन भने रोजगारका लागि अन्य देशमा मात्र निर्भर हुँदा नेपालको आर्थिक विकास सदैव पछाडी धकेलिने र सम्पन्न देशका लागि सस्तो कामदार उत्पादन गर्ने देशको रुपमा चिनिनेछौं ।

नेपालले अन्तर्राष्ट्रिय बजारबाट दीगो रुपमा अमेरिकी डलर आय आर्जन गर्ने स्रोतको खोजी गर्नु आवश्यक छ । त्यो भनेको अमेरिकी डलर आय आर्जन गर्ने कुनै एक विशेष क्षेत्रलाई दीगो क्षेत्रको रुपमा विकास गर्नु हो । नेपाल कृषिप्रधान देश भए पनि कृषि क्षेत्रलाई प्राथमिकतामा राख्न सक्ने स्थिती छैन । नेपालको भौगोलिक बनोट, जग्गामा व्यक्तिगत स्वामित्वको संरचना, सिचाईको अभावका कारण विद्यमान निर्वाहमुखी कृषिलाई सानो स्तरको व्यवसायिक संरचनामा परिणत गर्न सक्ला, कृषि उपज आयत विस्थापन गर्न सकिएला तर वैदेशिक मुद्रा आर्जनको स्रोत हुने सम्भावना कम छ । किनकी नेपालमा कृषि उपजको उत्पादन लागत उच्च छ । नेपाली कृषि उत्पादनले विश्वबजारमा प्रतिस्पर्धा गर्न सक्दैन ।

नेपालमा जलविद्युत उत्पादन सुरु भएको एक सताब्दीसम्म देशमा विद्युतको अभाव भइ रहे पनि गत आर्थिक वर्ष देखि भारतीय बजारमा बजार मागको आधारमा नेपाल विद्युत प्राधिकरणले जलविद्युत उर्जा निर्यात गर्दै आइरहेको छ । भारतसँग ऊर्जा एक्चेन्ज सम्झौता अर्न्तगत ३४४ मेगावाट जलविद्युत निर्यात भइरहेको छ । भारतमा उर्जाको माग धेरै भएको कारण आगामी दिनमा भारतले नेपालबाट जलविद्युत उर्जा खरिद गर्ने सम्भावना उच्च छ । नेपालका नदीहरुबाट ठूलो परिमाणमा उत्पादन भएको जलविद्युत भारतमा निर्यात गर्न सके दीगो रुपमा विदेशी मुद्रा आर्जन गर्न सकिन्छ ।

भारत पछि नेपाली जलविद्युत ऊर्जा निर्यातको ठूलो सम्भावना बोकेको देश बंगलादेश हो । बंगलादेशमा उर्जाको माग ठूलो छ । बंगलादेशमा जलविद्युत उत्पादनको सम्भाव्यता कम छ । सौर्य उर्जाका लागि सोलार प्लान्टको व्यवस्थापन गर्न आवश्यक जमिनको अभाव छ । बंगलादेशमा हाल धेरै विद्युत उर्जा डिजेल इन्जिन मार्फत उत्पादन भइरहेको छ । अन्तर्राष्ट्रिय ाष्वजारमा पेट्रोलियम पदार्थको मूल्यमा भारी वृद्धि भएको अवस्थामा विद्युत उत्पादन लागत पनि उच्च हुने गरेको छ । विगत १ वर्ष अगाडी सम्म भारतबाट विद्युत आयत गरिरहेको नेपालको अवस्थामा भारत र बंगलादेशमा विजुली निर्यात गरी दीगो रुपमा वैदेशिक मुद्रा आर्जन गर्ने वहस एका देशको सपना जस्तै थियो । तर नेपालबाट भारतमा विद्युत निर्यात भइरहेको र बंगलादेशले पनि भारतबाट विद्युत खरिद गरिरहेको अवस्थामा तीन देशको सहमतीले नेपालमा उत्पादित बिजुली भारतीय मार्ग हुँदै बंगलादेशसम्म निर्यात गर्न सकिने कुरा यर्थाथमा परिणत हुँदैछ । भर्खरै नेपालमा वंगलादेशबीच सम्पन्न ऊर्जा सचिवस्तरीय "जोइन्ट स्टेयरीङ कमिट" (जेएससी) को बैठकमा नेपालबाट ४० देखि ५० मेगाबाट सम्म बिजुली भारतीय बाटो हुँदै बंगलादेश निर्यात गर्ने विषयमा छलफल भएको छ । निकट भविष्यमा नेपाल र बंगलादेशबीच ५०० मेगावाटको विजुली खरिद विक्रीको सम्झौता हुने सम्भावना छ भने भारत पनि नेपालबाट थप जलविद्युत खरिद गर्न सकारात्मक छ । प्रविधिमैत्री बन्दै गएको हाम्रो जीवनशैलीको एक अपरिहार्य आवश्यकताको रुमपा विद्युत ऊर्जा बनेको अवस्थामा नेपालले जलविद्युतको निर्यातलाई वैदेशिक मुद्रा आर्जनको दीगो क्षेत्रको रुपमा विशिष्टकरण हाँसिल गर्न सक्नुपर्छ ।

नेपालमा चार किराती मात्रै छन् ?

निनाम लोवाती

> के नेपालमा यी चार (४) किरातीहरुबाहेक अरु किराती जातिहरु छँदै छैनन् त ? यसबारेमा जति सक्दो जाँडो जवाफ दिनु पऱ्यो । होइन, नेपालमा किराती जातिहरु अरु पनि छन्, भन्ने हो भने, यी चार (४) किराती जातिका अगुवाहरुले राई यायोक्खा (स्मरण रहोस्, यायोक्खा शब्द असलीयतमा बान्तावा जातिको 'शब्द/भाषा' हो, कुनै माइक ।लाल राईको भाषा होइन !) 'किरात याक्थुङ चुम्लुङ, किरात याक्खा छुम्मा र सुनुवार सेवा समाज'का अध्यक्ष ज्युहरु, अथवा सो संस्थाको टप फाइव पदमा रहनु भएका महानुभावहरु अरु किरातीहरुलाई पनि समेटेर लानु पर्दैन ? त्यसैले वेला छँदै विचार गर्नोस् है, चार (४) किरातीवाला ज्युहरु !

वंशावलीहरूमा सबैभन्दा पुरानो र विश्वासी मानिने गोपालराज वंशावलीले यलम्बर लगायत ३२ जना किराती शासकहरूले नेपालमा १६६३ वर्ष ८ महिना शासन गरेको उल्लेख छ । राइट वंशावलीले २८ जनाले १११८ वर्ष र कर्कपेट्रीकले २७ जना शासकले १६३० वर्ष शासन गरेको लेख्दछन् । के. पी. जयसवालले २८ जनाले ७०० वर्ष भनी उल्लेख गरेका छन् । भाषा वंशावलीले २८ जना, सिल्वाँ लेवीले २४ जना र इतिहास प्रकाशंमा २ ९ जनाले शासन गरेको देखाईएको छ तर शासन अवधिका बारेमा भने यिनीहरूले खुलाएका छैनन् । पहिलो किराती राजा यलम्बरलाई भाषा वंशावलीमा किरातेश्वर महादेवको अवतारका रूपमा मानिएको छ । राइट वंशावलीमा महाभारतको चर्चा गर्दै सातौं किराती राजा जितेदास्तीले महाभारतको युद्धमा भाग लिएको उल्लेख गर्दै उनको मृत्यू पनि सोही युद्धमा भएको चर्चा पाइन्छ । बौद्ध वंशावललीहरूमा सातौं किराती राजा जितेदास्तीको समयमा गौतम बुद्ध नेपाल खाल्राईट वंशावलीमा छैटौ किराती राजा हुमतीको समयमा अर्जुनको किरातेश्वरसँग युद्ध र वर प्राप्तीको कथा पाइन्छ । प्रमुख किराती राजामा चौंथो राजा स्थुङको नाम आउँछ । वंशावलीमा यिनको शासनकालमा सम्राट अशोकको आगमन भएको उल्लेख पाइन्छ । उनीले नेपाल खाल्डोमा आई आफ्नी छोरी चारुमतीको विवाह यहीका क्षेत्रिय राजकुमार देवपालसँग गरी किरातहरूको राजधानी पाटन शहरका चारकुना र बीच भागमा एक एक स्तूप बनाउँन लगाएका थिए । अन्तिम किराती राजा गस्तीको समयमा पश्चिमका सोमवंशी राजा निमिष टंकारले नेपाल खाल्डोमा आक्रमण गरी किरातहरूलाई पराजित गरे । यस पछि यो जाति क्रमसः पूर्वतर्फ लागेको अनुमान गर्न सकिन्छ ।

हो, नेपालमा प्रायः चार किरती ('राई !', 'लिम्बु', 'याक्खा' र 'सुनुवार') हरुका बारे मात्रै प्रचारप्रसार हुने गरेको छ । साथै नेपालका यी चार किरातीहरुका मातृ संस्था मान्ने 'राई !', 'लिम्बु', 'याक्खा' र 'सुनुवार'का अगुवाहरुले पनि आफूहरु (चार समूह) लाई मात्रै नेपालका किरात वा किराती हौं भन्ने ढंगले प्रचारप्रसार गर्ने गरेका छन् । के साँच्चै यी चार किराती वा किरातबाहेक अरु किरात वा किरातीहरु छैनन् त ? प्रश्न गम्भीर छ । जस्तो कि 'राई !', 'लिम्बु', 'याक्खा' र 'सुनुवार'ले बाँकी जस्तै कुलुङ, बाहिङ, थुलुङ, चाम्लिङ, मेवाहाङ, खालिङ, साम्पाङ, बान्तावा, जेरो, याम्फु, सुरेल, हायु, थामी, जिरेल आदि समुदायले पनि आफूलाई किरात वा किराती भन्ने गर्छन्, किराती हौं भनी दावी गर्छन् । र, कुलुङ, मेवाहाङ, याम्फु, बान्तावा आदि पनि किराती नै हुन् ।

तर, 'राई !', 'लिम्बु', 'याक्खा' र 'सुनुवार'का अगुवाहरुले भने, आफूहरु (चार समूह) बाहेक बाँकी अरु किरात वा किरातीहरु छँदै छैनन् भने जसरी प्रचारप्रसार गर्ने गर्थे, गर्छन् । पछिल्लोपटक भने, यी चार किराती भनिने समूहले हायु, थामी र सुरेललाई पनि किरात स्वीकरेर्भैं लाग्छ । किनभने, ती चार किराती भनिने समूहले हायु, थामी र सुरेललाई पनि प्रेस विज्ञप्तीहरु जारी गर्ने क्रममा राखेको देखिन्छ । तर, कुलुङ, बाहिङ, थुलुङ, चाम्लिङ, मेवाहाङ, खालिङ, साम्पाङ, बान्तावा, जेरो, याम्फु समेटेको देखिदैन । त्यसैले यसबारे विस्तृतमा पछि कुनै वेला एक अलग्गै लेख लेखौंला भन्ने पनि सोचेको छु । त्यसैले अहिलेलाई ४ किराती !? (कथित् 'राई !', लिम्बु, याक्खा र सुनुवार जाति !) वाला संस्थाका प्रमुख ज्युहरुलाई मेरो मूल र गम्भीर प्रश्न यो छ कि, के नेपालमा यी चार (४) किरातीहरुबाहेक अरु किराती जातिहरु छँदै छैनन् त ? यसबारेमा जति सक्दो जाँडो जवाफ दिनु पऱ्यो । होइन, नेपालमा किराती जातिहरु अरु पनि छन्, भन्ने हो भने, यी चार (४) किराती जातिका अगुवाहरुले राई यायोक्खा (स्मरण रहोस्, यायोक्खा शब्द असलीयतमा बान्तावा जातिको 'शब्द/भाषा' हो, कुनै माइकालाल राईको भाषा होइन !) 'किरात याक्थुङ चुम्लुङ, किरात याक्खा छुम्मा र सुनुवार सेवा समाज'का अध्यक्ष ज्युहरु, अथवा सो संस्थाको टप फाइव पदमा रहनु भएका महानुभावहरु अरु किरातीहरुलाई पनि समेटेर लानु पर्दैन ? त्यसैले वेला छँदै विचार गर्नोस् है, चार (४) किरातीवाला ज्युहरु !

चार (४) किरातीहरु मध्ये खासगरी 'किरात याक्थुङ चुम्लुङ, किरात याक्खा छुम्मा र सुनुवार सेवा समाज'का अध्यक्ष ज्युहरु, अथवा सो संस्थाको टप फाइव पदमा रहनु भएका महानुभावहरु, तपाईंहरु कहिलेसम्म राई यायोक्खा ले भनेको कुरोमा नै 'चोचोमा मोचो' मिलाएर हिँड्नु हुन्छ ? के साँच्चै तपाईंहरुको आफ्नै ब्रह्मले केही देख्दैन ? नत्रभने, अहिलेसम्म पनि तपाईंहरु किन राई यायोक्खा को पुच्छर भएर हिँड्नु हुन्छ ?/हिँड्नु भएको हो ? वा लगाम लगाएको घोडासरह दायाँबाँया नहेरी किन यायोक्खाले जे भन्यो त्यही गर्ने र यायोक्खाले लगाम लगाएर जता डोर्‍यायो त्यतै हिँड्नु हुन्छ ? बुझ्नेका लागि यो कुरा गहिरो र गम्भीर छ है, 'किरात याक्थुङ चुम्लुङ, किरात याक्खा छुम्मा र सुनुवार सेवा समाज'का अध्यक्ष ज्युहरु, अथवा सो संस्थाको टप फाइव पदमा रहनु भएका आदरणीय महानुभाव ज्युहरु ...

स्मरण रहोस्, चार (४) किरातीवाला मान्छेहरुले आफूबाहेक (चार/४ किरातीवाहेक) अरु किरातीहरु नदेखे तापनि केन्द्रीय तथ्यांक विभाग (केतवि) ले ०६८ मा गरेको ११ औं राष्ट्रिय जनगणनाअनुसार पहिलो कुलुङ २८ हजार ६१३, दोस्रो नाछिरिङ ७ हजार १५४, तेस्रो याम्फु ६ हजार ९३३, चौथो चाम्लिङ ६ हजार ६६८, पाँचौं आठपहरिया ५ हजार ९७७, छैठौं बान्तावा ४ हजार ६०४, सातौं थुलुङ ३ हजार ५३५, आठौं मेवाहाङ ३ हजार १००, नौ औं बाहिङ ३ हजार ९६, दशौं साम्पाङ १ हजार ६८१, एघारौं खालिङ १ हजार ५७१ र १२ औं मा लोहोरुङ १ हजार १५३ जना आएको छ । यसरी हेर्दा त्यसअघि (०५८ को जनगणनाअघि) जानेर वा नजानेर अथवा 'राई !' लेख्दा आफू पनि 'तालुकदार' वा 'जिम्मावाल' 'राई !'सरह होइन्छ ! भनेर नामको पछाडि 'राई !' लेख्दै आएका १२ वटा किराती जातिहरु अलग्गै जातिको रुपमा आएको छ वा भनौं तथ्यांककृत भएका छन् । माथिको तथ्यांक जातिगत तथ्यांक मात्रै हो । पछिल्लो पटक भएको (विसं २०७८ मा) जनगणनामा अरु कति जातिहरु बढ्ने हो ? अहिले नै टुंगो लागी सकेको छैन ।

त्यस्तै विसं २०६८ को राष्ट्रिय जनगणनामा माथिको १२ वटा किराती जातिहरुको भाषिक तथ्यांक पन अलग्गै आएको छ । भाषिकअनुसार पहिलोमा बान्तावा एक लाख ३२ हजार ५८३, दोस्रोमा चाम्लिङ ७६ हजार ८००, तेस्रोमा कुलुङ ३३ हजार १७०, चौथोमा थुलुङ २० हजार ६५९, पाँचौंमा साम्पाङ १८ हजार २७०, छैठौंमा खालिङ १४ हजार ४६७, सातौंमा बाहिङ ११ हजार ६५८, आठौंमा नाछिरिङ १० हजार १७६, नवौंमा याम्फु ९ हजार २८०, दशौंमा आठपहरिया ७ हजार ५३०, एघारौंमा मेवाहाङ ४ हजार ६५० र बाह्रौंमा लोहोरुङ ३ हजार ७१६ रहेको छ ।

यसरी हेर्दा कुलुङलगायत १२ वटा किरातीहरु जो विगतमा जानेर वा नजानेर अथवा नामको पछाडि 'राई !' लेख्दा आफू पनि 'तालुकदार' वा 'जिम्मावाल' 'राई !'सरह होइन्छ ! भनेर आफ्नो नामको पछाडि 'राई !' लेख्दै आएका थिए । ती मध्ये १२ वटा किराती जातिहरुले अलग्गै जातीय तथ्यांक अंकित गरेका थिए । त्यसका लागि पनि 'कुलुङ समुदायका अगुवाहरु र आदिवासी किरात महासंघको नेतृत्व'ले कति पापड बेल्नुपरेको थियो ? त्यसको छुट्टै कथा छ ।

तर, त्यस्तो गम्भीर र महत्वपूर्ण कुरा पनि 'किरात याक्थुङ चुम्लुङ, किरात याक्खा छुम्मा र सुनुवार सेवा समाज'का अध्यक्ष ज्यु, अथवा सो संस्थाको टप फाइव पदमा रहनु भएका महानुभावहरुलाई साँच्चै केही थाहा छैन ? अथवा आजको २१ औं जमाना भनिएको समयमा पनि स्वविवेक प्रयोग नगरेर हजुरहरु जानाजान अरु (राई यायोक्खा) ले भनेको कुरामा नै 'चोचोमा मोचो' मिलाएर हिँड्नु हुन्छ ? फेरि पनि प्रश्न छ, के तपाईंहरुमा साँच्चै आफ्नै ब्रह्मले केही देख्ने क्षमता छैन ? प्रश्न त फेरि पनि निक्कै गम्भीर पो छ है, बुझ्न चाहनेहरुका लागि अथवा भनौं जानाजान बुझ पचाउनु हुँदैन ! भन्ने मनुवाहरुका लागि !? अझ प्रस्टसँग भन्नु पर्दा अरुलाई जानी बुझी थिचोमिचो गर्नु हुँदैन, हँलाहोचो गर्नु हुँदैन भन्नेहरुका लागि । साथै आत्म-ज्ञानी, स्वत्व, स्वविवेक, चेतना, चैतन्य, ज्ञान, फराकिलो सोचाई, आत्म-सम्मान आदि भएका मानिसहरुका लागि पनि ।

तर, अचम्म के भने, 'किरात याक्थुङ चुम्लुङ, किरात याक्खा छुम्मा र सुनुवार सेवा समाज'का अध्यक्ष ज्युहरु, अथवा सो संस्थाको टप फाइव पदमा रहनु भएका मान्छेहरु हजुरहरु कहिलेसम्म अरु (राई यायोक्खा) ले भनेको कुरामा नै 'चोचोमा मोचो' मिलाएर हिँड्नु हुन्छ ? के तपाईंहरुमा साँच्चै आफ्नै ब्रह्मले केही देख्दैन ? नत्रभने, अहिलेसम्म पनि तपाईंहरु किन राई यायोक्खाको पुच्छर भएर हिँड्नु हुन्छ ? वा लगाम लगाएको घोडासरह दायाँबाँया नहेरी यायोक्खाले डोऱ्याएको बाटोमा हिँड्नु हुन्छ ? कि जानाजान 'आयाराम, गयाराम पारा' अपनाउनु भएको हो ? त्यसै त अहिलेसम्म पनि तपाईंहरु राई यायोक्खा नामक एनजिओको पुच्छर भएर हिँड्नु भएको होइन होला ? किनभने हामी (कुलुङ) ले जातीय स्वपहिचानको मुद्धा/सवाल उठाउन थालेको विसं ०५७/५८ देखि हो ।

२०/२१ वर्षसम्म पनि यो कुरा 'किरात याक्थुङ चुम्लुङ, किरात याक्खा छुम्मा र सुनुवार सेवा समाज'का अध्यक्ष ज्युहरु, अथवा सो संस्थाको टप फाइव पदमा रहनु भएका मान्छेहरुले थाहा नपाउनु भनेको साह्रै दुःखद (एक हिसावले भन्ने हो भने, हास्यस्पद) नै हो । त्यसैले प्रस्टसँग भन्नुहोस्, हजुरहरुलाई अरु (राई यायोक्खा) ले भनेकै कुरामा नै 'चोचोमा मोचो' मिलाएर हिँड्नुपर्ने वाध्यता के छ ? के तपाईंहरुमा साँच्चै आफ्नै ब्रह्मले केही देख्दैन ? नत्रभने, अहिलेसम्म पनि तपाईंहरु किन राई यायोक्खाको पुच्छर भएर हिँडनुपर्ने वाध्यता वा कारण के हो ? लगाम लगाएको घोडासरह आफूलाई चढ्नेले जता झट्काऱ्यो त्यतै हिँड्ने/दौडने (दायाँबाँया नहेरी) गर्नु भएको होइन होला ? जानीजानी त्यसरी राई यायोक्खाको पिछलग्गु हुन अलिकति पनि लाज-शरम लाग्दैन हजुरहरुलाई ?

शे फोक्सुण्डोमा सन्देशमूलक पदयात्रा हुने

■ सौर्य समाचार

काठमाडौं । जलवायु परिवर्तनले पारेको असर सम्बन्धमा नेपालका विभिन्न क्षेत्रका अगुवा महिलाद्वारा डोल्पाको शे फोक्सुण्डो क्षेत्रमा सन्देशमूलक पदयात्रा हुने भएको छ । शे फोक्सुण्डोमा आगामी अक्टोबर ८ देखि १४ तारि खसम्म हुने उक्त पदयात्रामा स्थानीय, प्रदेश र सङ्घीय सरकारको सहयोग रहेको आयोजक संस्था साथसाथै फाउण्डेसनले जानकारी दिएको छ । जलवायु परिवर्तन, सामाजिक विकास र महिला सशक्तीकरणका क्षेत्रमा सक्रिय फाउण्डेशनले आयोजना गर्ने उक्त पदयात्रापछि शे फोक्सुण्डो ताल संरक्षण, प्रकृतिमा आधारित पर्यटन विकास र जलवायु परिवर्तनले स्थानीय जनजीवनमा परेको प्रभावलगायत विषयमा अन्तर्क्रिया हुने साथसाथैका अध्यक्ष प्रजिता कार्कीले जानकारी दिइन् ।

फाउण्डेसनले जारी गरेको विज्ञप्तिअनुसार शे फोक्सुण्डोमा 'हिमालबाट महिलाको आवाज, जलवायु न्यायका लागि महिला एकता र प्रकृतिमा आधारित पर्यटनको विकास' शीर्षकमा विशेष अन्तर्क्रिया हुनेछ । जलवायु परिवर्तनले उच्च हिमाली क्षेत्रमा महिलाको जनजीवन र पर्यापर्यटनमा पारेको असरबारे ध्यानाकर्षण गराउन विभिन्न क्षेत्रका विज्ञ महिलासहित ६० जनाले पदयात्रा गर्ने भएका हुन् । अध्यक्ष कार्कीले जलवायु परिवर्तनले उच्च हिमाली क्षेत्रमा पारेको असर, स्थानीय महिलाको जनजीवनमा परेको समस्या र प्रकृतिमा आधारित पर्यटनको सम्भावनाको उजागर गर्न र त्यसको समाधानका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराउने उद्देश्यका साथ शे फुक्सुण्डो पदयात्राको तयारी गरेको जानकारी दिइन् ।

'यो यात्रा जलवायु परिवर्तनले प्रकृति, प्रकृतिमा आधारित पर्यटन र स्थानीयको जनजीवनमा पारेको प्रभावबारे बुझ्न, बहस गर्न र समस्या समाधनको उपाय खोज्ने यात्रा हो', उनले भनिन्, 'हामी घर, घरमा बसेर, आ-आफ्नो पेसा व्यवसाय अँगालेर बसेका नारी जलवायु परिवर्तन र जलवायु न्यायको मुद्दामा तथा महिलाको जनजीवनमा परेको अप्ठ्याराको विषयमा हिँड्दै समस्या सुन्दै, सुनाउँदै अघि बढिरहेका छौं ।'

एक साता लामो हुने पदयात्रामा समाजका विभिन्न क्षेत्रका अगुवा महिलाका साथै सङ्घीय, प्रदेश र स्थानीय सरकारका विभिन्न तहका सम्बद्ध अधिकारी, कूटनीतिक नियोगका प्रमुख र प्रतिनिधि, सञ्चारकर्मीसहितको सहभागिता हुनेछ । शे-फोक्सुण्डो पदयात्रामा तराई मधेससहित विभिन्न प्रदेशबाट प्रतिनिधिमूलक रुपमा सांसद, प्रदेशसभा सदस्य र स्थानीय जनप्रतिनिधि, डोल्पाका स्थानीय र सरोकारवाला पक्षसमेत सहभागी भई शे फोक्सुण्डो घोषणापत्र जारी गर्ने कार्यक्रम छ । कार्यक्रममा नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, कर्णाली प्रदेश सरकार, फोक्सुण्डो गाउँपालिका र विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थासँग सहकार्य हुने आयोजकले जानकारी दिएको छ ।

'कार्बन उत्सर्जनमा नगन्य योगदान भए पनि जलवायु परिवर्तनले नेपालको प्रकृति र सामाजिक जीवनमा देखिएका समस्या विश्वलाई सुनाउन चाहन्छौं । नेपाल सरकार र सम्बद्ध निकायसँग सहकार्य गर्न चाहन्छौं', अध्यक्ष कार्कीले भनिन्, 'नेपाल प्राकृतिकरुपमा धेरै सुन्दर र सम्पन्न छ तर हामीले यसको दिगो उपयोग गरेर उचित लाभ लिन सकेका छैनौं ।' पछिल्ला वर्षहरूमा नेपालमा मात्र होइन, जलवायु परिवर्तनको असर विश्वभर नै बढ्दो छ । हिमाल क्रमशः कालापत्थर हुँदैछन् । बाढी, पहिरो, अतिवृष्टि, अनावृष्टि, बेमौसमी वर्षाले ठूलो धनजनको क्षति हुन थालेको छ । खानेपानीका मुहान सुक्न थालेका छन् । तराई मधेसमा कृषि उब्जनीमा समस्या देखिएको छ । पहाडमा बेरलाबेरलै समस्या थपिएका छन् । नेपाल सरकारले त्यसलाई रोकथाम गर्न, जलवायु अनुकूलनका विभिन्न कार्यक्रम पनि ल्याएको छ । त्यसको प्रभावकारी कार्यान्वयनमा सबै साथसाथै जुट्नुपर्ने आवश्यकता छ ।

यसै सन्दर्भमा कालापत्थर अभियानकै निरन्तरतास्वरुप हुन लागेको यस पदयात्रासहितको विशेष कार्यक्रम जलवायू परिवर्तनले प्रकृति, प्रकृतिमा आधारित स्थानीय पर्यटन र जनजीवनमा पारेको प्रभावबारे बुझ्न, बहस गर्न र समस्या समाधनको उपाय खोज्ने यात्रा हुने आयोजकको दाबी छ । साथसाथै फाउण्डेशनले गत मार्च ८ मा विश्वको सर्वोच्च शिखर सगरमाथाको कालापत्थरमा अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा १४ दिने पदयात्रा सम्पन्न गरेको थियो । सो पदयात्रामा समाजका विभिन्न क्षेत्रका ४० प्रतिष्ठित अगुवा महिला सोलुखम्बुको लुक्लादेखि सगरमाथाको कालापत्थर क्षेत्रसम्म पैदल यात्रामार्फत पुगेर कालापत्थरमा जलवायु परिवर्तनसम्बन्धी १० बुँदे विशेष घोषणापत्र जारी गरिएको थियो । घोषणापत्र कार्यान्वयनका लागि सातै प्रदेशका विभिन्न स्थानमा यस किसिमका कार्यक्रम तथा अभियान यसअघि सम्पन्न गरिसकेको आयोजकले जनाएको छ ।

काष्ठपाटी कुँद्ने शिक्षक !

■ भूमिराज पिठातोली

बझाङ । अहिलेको पुस्तालाई कुनै बेलामा खरीले समेत लेखिन्थ्योभन्दा अनौठो लाग्छ । तर त्यही पुस्ता हो जसले खरीले लेखेर नै उच्च शिक्षाको खुट्किलो पार गर्थे । त्यसैमध्येका एक हुनुहुन्छ लक्ष्मी आधारभूत विद्यालय छविसपाथिभेरामा कार्यरत पुष्पराज जोशी । मुलुकमा परिवर्तनसँगै शिक्षा क्षेत्रले फड्को मारेको छ । खरिपाटी, काष्ठपाटी, कालोपाटी अहिलेको पुस्तालाई धेरै पुराना भइसकेका छन् । डिजिटलको युगमा काष्ठपाटी सम्झिने कुरामात्रै भयो । त्यससँगै खरीपाटी पनि पुरानै । तर यो समयमा पनि विद्यालयमा नियमित काठ कुँदेरै अध्यापन गराइरहेका छन् पदमराज ।

मुलुकभरका अधिकांश विद्यालय पनि प्रविधिमैत्री हुँदैछन् । धेरैजसो विद्यालयमा प्रोजेक्टरको माध्यमबाट पढाइ हुन्छ । केही विद्यालयमा यसरी पढाइ हुन थालेको दशकभन्दा बढी भइसक्यो । तर पदमराज भने काठ कुँदेर सीप सिकाउँदै विद्यार्थीलाई 'सिपालु' बनाइरहेका छन् । उनको कलाशैलीले नै कतिपय विद्यार्थी निकै सिपालु भइसकेका छन् ।

बाल्यकालदेखि नै काठमा चित्र कोर्नेदेखि लेख्ने अभ्यास गरेका जोशीले अहिलेसम्म हजारभन्दा बढी काठ खोप्दै अक्षर लेखिसकेका छन् । बाजुराको ढम्कनेस्थित सरस्वती माविमा काम गर्दा उनलाई 'सिपालु शिक्षक' भन्दै विभिन्न संस्थाले देशभरि नै घुमाए । उनले आफ्नो सीप जुन-जुन ठाउँ गए, त्यो ठाउँमा सिकाउँदै पनि आए ।

२०५१ देखि सुरू गरिएको काष्ठपत्र

जोशीले शिक्षक पेशा सम्हालेको केही समयमै बाजुरामा काष्ठपाटी कुँद्न सुरू गरेको बताए । विसं २०५१ मा विद्यार्थीलाई पढाउन सुरू गरेको काष्ठपाटी विस्तारै बाजुरामा लोकप्रिय हुँदै गयो । जोशीले २०४८ मा १२ कक्षा पास गरी ढम्कनेबाट सरूवा भए । दहकोटमा प्रधानाध्यापक भएर गइसकेपछि उनलाई काष्ठ कुँद्न सहज भयो । उनले काठ कुँदेको वरिपरि हेर्नेको घुइँचो नै लाग्थ्यो । कतिपय ठाउँमा अरू अभिभावकले पनि त्यो अभ्यास गरे । जोशीले भने निःशुल्क काठ पाएपछि तीन दशकसम्म काष्ठपाटी कुँदिरहे ।

सामान्य परिवारमा जन्मिएका पुष्पराज न्यायाधीश केशवराज जोशीको सहयोगीका रूपमा बाजुरा पुगेका थिए । बाजुरामा एसएलसी पास गरेको हुँदा न्यायाधीशसहित जिल्लाका जिम्मेवार व्यक्तिले उनलाई जागिर लगाए । मेहेनती पुष्पराजलाई बाजुराको माटोले धेरै ठाउँमा अघि बढ्ने मौका दियो । बाजुरामा प्रमुख जिल्ला अधिकारी, जिल्ला शिक्षा अधिकारीसहितको टोली अनुगमनमा आएपछि पुष्पराजले कुँदेका काष्ठपाटीहरू सार्वजनिक भएका हुन् । विद्यालयको भित्तामा लहरै टाँसेका पाटीले सबैको ध्यान खिच्दै गए ।

कला देखेर युनिसेफका दमन रूपाखेती र राधिका तुम्बाहाम्फेले धेरै ठाउँमा घुम्ने अवसर जुराए । शिक्षक पुष्पराजले मुलुकका ३०-४० जिल्लामै घुमेर आफ्नो सीप साट्ने अवसर पाए । उनी झापा भ्रमणमा गएको बेला रूपाखेतीले नै सरसामग्री जुटाएर छिटो तस्वीर कोर्न सिकाएका थिए । त्यसपछि जोशीको काष्ठपाटी कुँदाइको गति बढ्दै गयो । जोशी रूपाखेतीलाई गुरू मान्छन् ।

बाजुरामा बस्दा जोशीलाई काठ खोप्न कहिल्यै समस्या भएन । तर पेन्टिङ गर्नलाई बाहिरबाट ल्याउनुपर्ने हुँदा अलि समस्या हुन्थ्यो । अहिले पनि पुष्पराज काष्ठमै लेखेर विद्यार्थीलाई पढाउने, कुँद्न सिकाउने गर्छन् । उनको त्यो उद्देश्य भनेको विद्यार्थीलाई पनि 'सिपालु' बनाउनु हो । 'मलाई कुनै निकायबाट केही चाहिएको छैन । तर विद्यार्थीलाई स्वतन्त्ररूपमा हरेक विषयमा आफूले सिकेको सीप सिकाउन पाए त्यसैमा खुसी हुन्थें', उनले भने ।

विसं २०७४ मा पुष्पराज बझाङ सरूवा भए । बझाङमा आफ्नो घरछेउकै विद्यालय काष्ठपाटीमैत्री बनाउने सोचमा थिए । तर स्थानीय सरकारले नै चासो नदिएपछि उनी निरास बने । अहिले लक्ष्मी आधारभूत विद्यालयमा हेर्दा उनले कुँदेका दर्जनौं काष्ठपाटी रङरोगन गर्नै नपाएर थन्किएका छन् । 'आफ्नै ठाउँका बालबालिकालाई पढाउन सुरूमा धेरै पाटीमा खोपियो', उनले भने, 'अहिले रङकै अभावले कुहिन लागेका छन् ।' जीवनको उत्तरार्द्धमा प्रवेश गरेका जोशी नमूना विद्यालय बनाउन चाहन्छन् । तर कुनै निकायबाट पनि सहयोग पाएका छैनन् ।

लक्ष्मी आधारभूत विद्यालयमा एक सय पाँच विद्यार्थीका लागि पाँच शिक्षक छन् । दुई स्थायी दरबन्दी, दुई राहत र एक इसिजी । पुष्पराजको दैनिक समय विद्यार्थी तथा शिक्षकलाई आफ्नो कला सिकाउने हो । कुँदेका काष्ठपार्टीमार्फत विद्यार्थीलाई पढाउने गर्छन् ।

बाजुरामा उनको कलाले स्वर्ण पदकसम्म पाएको थियो । बझाङमा खासै गतिलो प्रतिक्रिया नपाएको उनी बताउछन् । उनको घरमा उनीजस्तै सिपालु सन्तति पनि छन् । उनको जेठो छोरा पारसले २०६० सालमा चित्रकलाबाटै रु सात लाख पुरस्कार जितेको थियो । परिवारका अन्य सदस्यले पनि काष्ठपाटीप्रति निकै चासो दिने गरेका जोशीले बताए ।

रामपुरको शीतभण्डार पुनः सञ्चालनको तयारी

■ सुशीला रेग्मी

रामपुर । ग्रामीण भेगमा ठूलो क्षमताको शीतभण्डार बनेपछि व्यावसायिक उत्पादनमा कृषक उत्साहित बने । सदरमुकामदेखि टाढा रहेको रामपुर नगरपालिकामा तीन सय मेट्रिक टन क्षमताको शीतभण्डार निर्माणले कृषकमा औंधी खुसी छायो । परीक्षणका लागि गत वर्ष करिब दुई हजार नौ सय बोरा आलु भण्डारण गरियो । भण्डारण गृहमा राखिएको आलु कुहिने र उम्रने भएपछि यस वर्ष भने कृषकले यहाँ भण्डारण गर्न आलु राख्न चाहेनन् । पहिलो वर्षमा नै आलु बिग्रिएपछि भण्डारण गृह व्यवस्थापन गर्न अहिले मर्मत तथा सम्भारको काम गरेर व्यवस्थित बनाउन थालिएको छ । भण्डारण गृहमा केही प्राविधिक समस्या भएपछि त्यसलाई पुनः मर्मतसम्भारको काम गरेर सञ्चालनको तयारी गरिएको नगर प्रमुख रमणबहादुर थापाले बताए ।

नगर प्रमुख थापाका अनुसार मर्मत गर्न यस वर्ष नगरपालिकाले रु १० लाख रकम विनियोजन गरेर काम भइरहेको छ । गत वर्ष राखिएको आलु निकालेपछि गएको वैशाखदेखि नै यहाँको भण्डारण कक्ष प्रयोगविहीन रहेको कृषि शाखा प्रमुख रामहरि पाण्डेयले बताए । उनले भने, 'यहाँ बनाइएको भण्डारण गृहको संरचना आलुबालीलाई लक्षित गरेर तयार पारिएको छ, रामपुरमा धेरै उत्पादन हुने भनेको आलु (खाद्यान्न बालीबाहेक) हो, अन्य तरकारी, फलफूल भण्डारण गृहमा नै राख्नुपर्ने गरेर उत्पादन अहिले छैन, पहिलो वर्ष राखेको केही आलु टुसाएपछि यस वर्ष भण्डारण गृहमा केही सामग्री राखिएको छैन ।'

विसं २०७८ को वैशाखमा निर्माणको काम सम्पन्न गरी शीतभण्डार प्रयोगमा ल्याइएको हो । यहाँ पहिलोपटक रामपुरमा उत्पादन भएको आलु भण्डारण गरिएको थियो । पाल्पा जिल्लाकै सबैभन्दा ठूलो क्षमताको शीतभण्डार निर्माण भएपछि सुरुका समय कृषक उत्साहित भए पनि सुरक्षित भनेर राखिएको ठाउँमा आलु बिग्रन थालेपछि हौसिएका कृषक अहिले निराश बनेका छन् । बुटवल, भैरहवालगायतका बाहिरी बजारबाट रामपुरमा भित्रिएका तरकारी निरुत्साहित गर्न र स्थानीय उत्पादनलाई प्राथमिकता दिंदै कृषकको लागि बनाइएको संरचना भए पनि राम्रोसँग प्रयोग गर्न नपाएको

कृषक धर्मराज ढकालले बताए ।

'नेतालाई भाषण गर्ने काम मात्रै भयो, कृषकले उपयोग गर्न पाएनन्, स्थानीय सरकारले यसको रेखदेख र सञ्चालनलाई व्यवस्थित बनाउनुपर्ने हो, संरचना तयार पारेपछि गुणस्तरको छ कि छैन त्यसको परीक्षण नगरिकन प्रयोगमा ल्याउँदा हामीले नराम्रोसँग धोका बेहोर्नुपऱ्यो, कषकले राम्रोसँग प्रयोग गर्न नपाउने भएपछि देखावटीकै लागि मात्रै रामपुरमा राख्नभन्दा अन्यत्र स्थानान्तरण गरेमा प्रयोगमा त आउँला', उनले गुनासो पोखे । भण्डारगृहभित्रै बिग्रिएको आलुको क्षतिपूर्ति दिने क्रममा पनि सम्बन्धित पक्षले न्यायोचित काम नगरेको उनले बताए । गत वर्ष भण्डारण गरिएको आलु बिग्रिएपछि आफूले पाउनुपर्ने क्षतिपूर्ति रकमबाट ठगिनुपरेको बताए । साढे पन्ध्र क्विन्टल आलु राख्नुभएका ढकालले एक क्विन्टल बिग्रिएकै भए पनि आलु झिक्नुभयो । अन्य आलु सबै बिग्रिएपछि प्रतिबोरा रु दुई हजारका दरले क्षतिपूर्ति दिने भने पनि आफूले साढे १४ क्विन्टलको रु ५६ हजार मात्रै रकम बुझेको ढकालले बताए । उनले ठेकेदार पक्ष र नगरपालिकाबीच भएको समझदारीअनुसार पाउनुपर्ने रकम रु ५८ हजार पाउनुपर्ने भए पनि दुई हजार रकम कम पाएको बताए ।

कृषकको हितका लागि नभई सस्तो लोकप्रियता कमाउन संरचना तयार पारिएको विजयपुर कृषि सहकारी रामपुरका अध्यक्ष ओमप्रकाश रेग्मीले बताए । 'गत वर्ष राखिएको आलु अस्तव्यस्त बनेपछि

> **विसं २०७८ को वैशाखमा निर्माणको काम सम्पन्न गरी शीतभण्डार प्रयोगमा ल्याइएको हो । यहाँ पहिलोपटक रामपुरमा उत्पादन भएको आलु भण्डारण गरिएको थियो । पाल्पा जिल्लाकै सबैभन्दा ठूलो क्षमताको शीतभण्डार निर्माण भएपछि सुरुका समय कृषक उत्साहित भए पनि सुरक्षित भनेर राखिएको ठाउँमा आलु बिग्रन थालेपछि हौसिएका कृषक अहिले निराश बनेका छन् ।**

मर्मतसम्भार तत्कालै गरेको भए यस वर्ष आलु भण्डारण कार्य हुन्थ्यो, कृषि बाली उत्पादनको समयलाई मध्यनजर गरेर संरचना व्यवस्थित बनाउनुपर्छ, अहिले आएर बल्ल मर्मतको काम भएको भन्ने सुनिएको छ, अर्कोतर्फ कृषकलाई केही सहुलियत पनि छैन, देखाउनकै लागि मात्रै संरचना बनेजस्तो भयो', उनले भने ।

नारायण ढकालले शीतभण्डारमा राखिएको आलु उम्रने र कुहिने भएपछि आफूले पाउनुपर्ने क्षतिपूर्तिबापतको रु २६ हजार रकम नपाएको गुनासो सुनाए । उनले राखेको १३ बोरा आलुको अहिलेसम्म पाउनुपर्ने रकम नपाएपछि सम्बन्धित निकाय, जनप्रतिनिधि, राजनीतिक दलका अगुवासमक्ष गुनासो राखेकोमा त्यसको सुनुवाइ नभएको बताए । शीतभण्डारणको पूर्वाधार तयार भए पनि राम्रोसँग सञ्चालन नभएको, यसको रेखदेख नगरपालिकाले गर्नुपर्ने हो र निर्माणमा ठेकेदारले लापर्वाही गरेको बताउछन् लुम्बिनी प्रदेशसभा सदस्य युवराज खनाल । जुन प्रयोजनका लागि बनाइएको हो त्यसको सही सदुपयोग हुनुपर्ने र तत्काल अनुगमन गरेर नियमितरुपमा सुचारु गर्न सम्बन्धित निकायलाई जानकारी गराउने प्रदेशसभा सदस्य खनालको भनाइ छ ।

कृषि शाखाको परिसरमा लुम्बिनी प्रदेश सरकारको सर्शत अनुदानमा रविना र अभिसा जेभी कन्ट्रक्सन प्रालिले संयुक्तरुपमा रु तीन करोड २६ लाख ७६ हजार पाँच सय ६६ मा ठेक्का सम्झौता गरी निर्माण गरिएको हो यो संरचना । यसमा फरक फरक क्षमताका पाँच कोठा रहेका छन् । साथै दुईतले दशकोठासहितको प्रशासनिक भवन, अपाङ्गतामैत्री शौचालय छ । बीउका लागि एक सय क्विन्टल आलु राखेकोमा व्यवस्थापन राम्रो नहुँदा लगानी र मेहनत सबै खेर गएको यमकान्ति गौतमले बताए । पहिलो वर्ष नगरपालिकाले शीतभण्डार सञ्चालनका लागि बोलपत्रमार्फत रम्भा गाउँपालिका-१ हुँगीका भगवती अधिकारी न्यौपानेलाई रु दुई लाख पाँच हजारमा एक वर्षको लागि सम्झौता गरेको थियो ।

प्रसिद्ध टेम्केसिद्ध मन्दिर जीर्ण

■ सौर्य समाचार

भोजपुर । भोजपुरको धार्मिक तथा पर्यटकीय क्षेत्र टेम्के डाँडामा रहेको प्रसिद्ध टेम्केसिद्ध मन्दिर जीर्ण बनेको छ । समुन्द्री सतहबाट तीन हजार एक सय मिटर उचाइमा रहेको यो मन्दिर संरक्षणको अभावमा जीर्ण बनेको हो । मानिसहरूको धार्मिक आस्थाको केन्द्रको रुपमा रहेको यो मन्दिरको संरक्षणमा सरोकारवाला पक्षको ध्यान नपुगेको देखिन्छ । मन्दिरमा लगाइएको घेराबारा भत्किएका छन् । आसपासमा चरण क्षेत्र भएकोले यहाँ गाईबस्तु मन्दिरभित्र पस्ने गरेको स्थानीयबासीको भनाइ छ । ऐतिहासिक मन्दिर रहेकोले यसको संरक्षणमा ध्यान दिनुपर्ने स्थानीय नूरी शेर्पाले बताइन् । यसको विकासमा ध्यान दिनसके आन्तरिक तथा बाह्य पर्यटकलाई भित्रचाउन सकिने उनको भनाइ छ । यहाँबाट सूर्योदय र सूर्यास्तको दृश्य देख्न सकिन्छ । 'यो एउटा पवित्र धार्मिक तथा पर्यटकीयस्थल हो', शेर्पाले भनिन्, 'तर यहाँ बनेका मन्दिर तथा अन्य संरचना भत्किन थालेका छन् । संरक्षणमा दिन ध्यान आवश्यक छ । यहाँको महत्वलाई सबै माझ बुझाउन सके धेरै पर्यटकलाई भित्रयाउन सकिन्छ ।' मन्दिरको नजिकै परेवा उडाउने तथा बली पूजा गर्ने ठाउँ छ । केही समयसम्म यहाँ जोगी बस्ने गरेका थिए । भाकल पूरा गर्न

यहाँ परेवा लगेर उडाउने प्रचलन छ । यस क्षेत्रको दर्शन गरेमा दुःख कष्ट हट्ने तथा मनोकाङ्क्षा पूरा हुने धार्मिक विश्वास छ । यहाँ वालाचतुर्दशी र राम नवमीमा गरी वर्षमा दुई पटक भव्य मेला लाग्छ । मानिस यहाँ सदविज छर्न पुग्छन् । यहाँ लाग्ने मेलामा भोजपुर, खोटाङ, धनकुटा, संखुवासभाबाट मानिस आउँछन् । यहाँको मन्दिरमा सल्लाको काठ फुटाएर छानो लगाइएको छ । जहाँबाट मन्दिरभित्र पानी चुहिँने गरेको छ । टिनको छानो लगाएर मन्दिर परिसरलाई तारको घेराबारा गर्नुपर्ने स्थानीयबासी बताउँछन् । मन्दिरको संरक्षणको लागि काम गर्ने टेम्केमैयुङ गाउँपालिकाले जनाएको छ । गाउँपालिकाको एउटा महत्वपूर्ण धार्मिक तथा पर्यटकीय क्षेत्र भएकोले यस क्षेत्रको विकासमा ध्यान दिने गाउँपालिका अध्यक्ष सरोज बस्नेतले बताए ।

केही दूरी पर खोटाङको सिमना रहेकोले त्यहाँका स्थानीय तहसँग छलफल गरेर योजनाबद्धरुपमा काम गर्ने उनको भनाइ छ । "मन्दिरको संरक्षणको लागि काम गर्छौं", अध्यक्ष बस्नेतले भने, 'यो ठाउँ स्थानीयको धार्मिक आस्थाको केन्द्रसँगै पर्यटकीय क्षेत्र पनि हो । यसको बृहत्तर विकास गर्न सिमाना जोडिएका खोटाङका स्थानीय तहसँग पनि समन्वय गर्ने सोच छ ।'

मन्दिर रहेको स्थानबाट तराईका फाँटसँगै सगरमाथा, मकालु, कञ्चनजङ्गा, लोच्से लगायत आठ हजार मिटर अग्ला छ ओटा र अन्य ३३ हिमशृङ्खलाको अवलोकन गर्न सकिन्छ । यो क्षेत्र भएर नेपाल सरकारको घुम्नै पर्ने एक सय गन्तव्यभित्र पर्न सफल मुन्दुम पदमार्ग विस्तार भएको छ । मन्दिरको दर्शन तथा यहाँ घुग्न जाने पर्यटकलाई लक्षित गरेर पाटी, पौवासँगै विश्रामस्थलको निर्माण गर्नुपर्ने आवश्यक रहेको स्थानीयको भनाइ छ । प्राकृतिक सौन्दर्यता नियाल्न साथै धार्मिक दर्शनको लागि अहिले मानिस दैनिक जसो आउने गरेको टेम्के डाँडाका गणेश विष्टले बताए ।

जोशीको 'बाआमा'



■ सौर्य समाचार

काठमाडौं । साहित्यकार रामलाल जोशीद्वारा लिखित कथाकृति 'बाआमा' बजारमा आएको छ । शुक्रबार कमलादिस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा नेपाली कांग्रेसका महामन्त्री गगन थापा, अभिनेता राजेश हमाल, साहित्यकार नयनराज पाण्डे र सगुना शाहले संयुक्त रूपमा उक्त कृतिको विमोचन गरे ।

नेता थापाले कृति पूरै पढेको सुनाउँदै पात्र र परिवेशको चर्चा गरे । उनले कथाका प्रत्येक शब्दले आफूलाई छोएको जिकिर गैं भने, 'यो काल्पनिक कथा हो । यसको पात्र चरित्र कसैसँग मेल खाएमा केवल संयोग मात्रै हुनेछ । चलचित्र हेर्दा सबैभन्दा पहिला पर्दामा यो लेखिएको आउँछ । रामलाल जोशीले पनि पुस्तकको आमुखमा लेखेको भए सायद सबैलाई न्याय हुन्थ्यो ।' उनले 'बाआमा' पढ्दै जाँदा आफू निकै प्रभावित भएको सुनाए । नेता थापाले भने, 'यो बाको कथा हो ।

आमाको कथा हो । र, बाआमाको कथा त्यतिखेर मात्र हुन्छ जतिखेर सन्तानको कथा हुन्छ । सन्तान नभए बा र आमाको कथा हुँदैन । यो कुनै एक जना बाको, एक जना आमाको र एक जना सन्तानको कथा होइन । यो थुप्रै बाहरू, आमाहरू र सन्तानहरूको कथा हो ।' उनले यो तपाईं र मेरो जस्ता धेरैको बाआमाहरूको कथा भएको बताउँदै कथा पढ्दै जाँदा कहीँ मेरै बारेमा अथवा मेरो आफन्तको बारेमा लेखिएको त होइन भन्ने लागेको बताए । उनले थपे, 'कथाकृति पढ्दै जाँदा कतै लेखकले मेरो कुरा थाहा पाएको त होइन भन्नेसम्म हुन्छ ।'

कार्यक्रममा अभिनेता राजेश हमालले जोशीको कथाकृति पढ्दै गर्दा आफू धेरै ठाउँमा रोकिएको बताए । उनले भने, 'मैले अहिलेसम्म यो पुस्तक ७० प्रतिशत मात्रै पढ्न भ्याएको छु । धेरै ठाउँमा आफ्नै बाल्यकाल सम्झाउने कथाहरू छन् । मलाई पहिले पुस्तक पढेर सक्ने बानी थियो । अहिले पात्रहरूले डुबाउँछन् ।' उनले बाआमाका पात्र र कथावस्तुले आफूलाई निकै डुबाएकाल अघि बढ्न नसकेको सुनाए । उनले भने, 'तर, मैले पूरा कथा पढ्ने छु ।' अभिनेता हमालले आफ्नो आमाको स्मरण गर्दै 'बाआमा' निकै उत्कृष्ट र शक्तिशाली पुस्तक भएको जिकिर गरे ।

सो कार्यक्रममा साहित्यकार शाहले कथाकृति पढ्दा आफ्नै जीवन भोगाइ पढेझैं प्रतीत भएको सुनाइन् । उनले बाआमाका प्रत्येक शब्द/शब्दले छोएको जिकिर गरिन् । उनले भनिन्, 'शब्द/शब्दमा रोए । यो कथा संग्रह पढ्नका लागि दरिलो मुटु चाहिन्छ । यी शब्द मेरो मात्रै नभएर सबैको जीवनसँग मेल खान्छन् । यो विषयमा यति शक्तिशाली शब्द लेख्नसक्नु निकै ठूलो न्यायको विषय हो ।' यस्तै, कथाकार पाण्डेले कथाकृतिमा निकै सुन्दर र मन छुने कथा रहेको बताए । उनले कृति पाठकको मन छुने खालको रहेको जिकिर गर्दै नेपाली साहित्यमा उत्कृष्ट संग्रह आएको सुनाए । पुस्तक बुकहिलले प्रकाशन गरेको हो ।

'परिवार' को अमेरिकामा प्रिमियर

■ सौर्य समाचार

काठमाडौं । अमेरिकामा निर्माण गरिएको नेपाली लघुचलचित्र 'परिवार' को प्रिमियर सो गरिएको छ । सुमन दाहालले निर्देशन गरेको यो चलचित्रलाई केन्टकीस्थित ल्याक्सिनटन सिटीमा सो गरिएको हो । अमेरिकाको ल्याक्सिनटन सहरमा छायांकन गरिएको 'परिवार' सम्राट क्रियसनको आयोजना तथा सम्राट कियसनका अध्यक्ष सम्राट दाहालको अध्यक्षतामा सम्पन्न भएको थियो । सो कार्यक्रममा निर्देशक दाहालले आफूले अमेरिकामा बसेर पनि चलचित्र निर्माण गर्दै आएको बताए । उनले भने, 'मैले जानेको कुरा भनेकै चलचित्रकर्म भएकाले अमेरिकामा रहेर पनि विभिन्न चलचित्र निर्माण गर्दै आएको छ । मूलतः विदेशमा बसेका नेपालीको परिवारको एकताका लागि चलचित्र निर्माण गरेको हुँ ।' उनले चलचित्रलाई विभिन्न राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय चलचित्र महोत्सवमा प्रदर्शनी गरिने जानकारी दिए ।

एनआरएनले आइसिसी अमोरिका रिजनका डेब्युटी रिजनल कोर्अर्डिनेटर पुरूषोत्तम बोहोराको विशिष्ट अतिथ्यतामा सम्पन्न प्रिमियर सोमा एनआरएनको तर्फबाट शशी अधिकारी, एनआरएनए केन्टकी च्याप्टरका अध्यक्ष केशव लोहनीको उपस्थिति रहेको थियो । यस्तै, अन्तर्राष्ट्रिय कलाकार समाज अमेरिका केन्टकी च्याप्टर अध्यक्ष अर्जुन थापा, स्थानीय नेपाली सामाजिक संस्था एन्का अध्यक्ष थिरलाल अर्याल, राम खनाल, मोहनी डुम्रे, प्रवासी नेपाली मञ्च अमेरिकाका उपाध्यक्ष गोपाल कंडेल, बाबुराम अधिकारीले यो चलचित्र हेरेपछि चलचित्र परिवारले परिवारमा एकता र सुख शान्तिको सन्देश दिएको बताए ।

चलचित्रकर्मी प्रकाश शर्मा, संगीतकर्मी चुडामणि अवस्थी, लोकगायिका नर्मदा खरेल, सम्झना अधिकारीले अमेरिकामा बसेर पनि सुमनले निमै राम्रो नेपाली चलचित्र निर्माण गर्दै आएको प्रतिक्रिया दिए । ईश्वर प्रवासीको कथा रहेको यस चलचित्रको पटकथा तथा संवाद रवि अर्यालले तयार गरेका हुन् । जसमा अंग्रेजी सबटाइटल सरोज प्याकुरेलको छ । यसमा अक्की शर्माको छायांकन, रेनिश फागोको रङ संयोजन, ऐलिस कार्कीको पार्श्वसंगीत, मुकेश शाहको मिक्सिङ, भुपेन्द्र अधिकारीको सम्पादन रहेको छ । चलचित्रमा वसुन्धरा भुसाल, एकनारायण सुवेदी, मन्दिरा दाहाल, डि डि कौशिक, ईश्वर प्रवासी, सविता चौलागाई, रवि कोइराला, सन्दिप अर्याल, आयुश ढुंगेल लगायतका कलाकारको भूमिका रहेको छ ।

चन्दा दंगालले निर्माण गरेको यो चलचित्रको सहनिर्माता डि डि कौशिक हुन् । चलचित्रलाई सुमन दाहालले निर्देशन गरेका हुन् । चलचित्रको निर्माण सहयोगीमा पूर्ण गौतम (इरिन इन्स्योरेन्स), मेलिस ज्वेलर्स रहेकाछन् ।

बिपी पुरस्कार घोषणा

■ सौर्य समाचार

काठमाडौं । जननायक बिपी कोइराला स्मृति ट्रस्टले बिपी साहित्य सम्मान पुरस्कार र बिपी सेनानी सम्मान पुरस्कारको घोषणा गरेको छ । ट्रस्टले प्रत्येक वर्ष बिपी जयन्तीका अवसरमा प्रदान गर्ने एक लाख एक हजार राशिको यस वर्षको साहित्य सम्मान पुरस्कार साहित्यकार कृष्णप्रसाद गौतमलाई प्रदान गर्ने निर्णय गरेको छ । ट्रस्टका कोषाध्यक्ष पुरुषोत्तम बस्नेतको संयोजकत्वमा ट्रस्टका सदस्य डा ध्रुवचन्द्र गौतम र सुशीलमान शेरचनसमेतको सिफारिस समितिले उक्त निर्णय गरेको हो ।

यस्तै, ट्रस्टले प्रत्येक वर्ष प्रदान गरिने ५१ हजार राशिको बिपी सेनानी सम्मान पुरस्कार प्रजातन्त्र स्थापनाको संघर्षमा महत्वपूर्ण योगदान दिने ९१ वर्षीया शान्ति कार्की (वीरगञ्ज) लाई दिने निर्णय गरेको छ । कोइरालाको १०९औं बिपी जयन्ती, भदौ २४ गते ती सम्मान प्रदान गरिने ट्रस्टका महासचिव रामचन्द्र पोखरेलले जानकारी दिए ।

'असुर' मञ्चन

■ सौर्य समाचार

काठमाडौं । विवेक न्यौपाने (घने) ले निर्देशन गरेको नाटक 'असुर' को मञ्चन सुरु भएको छ । ओजस थिएटरमा १५ भदौदेखि मञ्चन सुरु भएको यस नाटकमा शक्ति प्राप्तिका लागि एक व्यक्तिले कतिसम्म गर्न सक्छ भन्ने विषयलाई देखाइएको छ । निर्देशक न्यौपानेले नाटकमा दुई पुस्ताबीचको विचार नमिल्ने विषयलाई उधिनिएको बताए । उनले भने, 'असुर एउटा गाउँको पारिवारिक विषयमा केन्द्रित कथा हो । यसमा एकै परिवारका दुई पिँढीको विचार नमिल्ने पाटोलाई देखाउन खोजिएको छ । कोही पुरानो व्यवस्थाको प्रतिनिधित्व गर्छन् त कोही नयाँको । यिनीहरूको शक्ति संघर्ष बीचमा जो पर्छ, ऊ वर्वाद हुन्छ ।'

नाटकले पितृसत्तात्मक सोचमा महिलाको जीवनलाई कसरी दमनमा राख्छ भन्ने पक्षलाई समेत केलाइएको छ । रविन दोङको लेखन रहेको यस नाटकमा ' विसं २०५८ सालदेखि ०६२/०६३ सम्मको देशको परिवेशलाई असुरमार्फत देखाउने कोशिस गरिएको छ । नाटकमा उत्पीडित वर्गको पीडालाई देखाउन खोजिएको जनाउँदै लेखक दोङले जनताले पाएको दुःखलाई उतारिएको बताए । उनले भने, 'क्रान्तिको नाममा आमजनताले भोगेको सास्ती नै असुर नाटकको मुख्य अभिप्राय हो ।'

राजन कार्की र शंकर कार्कीको निर्माण गरेको नाटकमा प्रतीक दुलाल, नमस्ते दिवाकर घिमिरे, केशवसिंह ठगुन्ना, विजय सापकोटा, सन्तोषी पौडेल, सोफिया बज्राचार्य, उज्ज्वलराज ढकाल, वीरेन्द्रसिंह कुशवाहा, श्याम कार्की, अस्मिता ढकाल, शेखर दाहाल, गंगा मगर, लक्ष्मी राई, ओसन कार्की, प्रशंसा गहतराज, अनिल गुरुङ, विशाल परियार र शुक्रराज मगरको अभिनय छ ।

सुरेन्द्र क्षेत्री कास्टिङ डाइरेक्टर रहेको नाटकका सहनिर्माता चेतना सापकोटा हुन् । भेषभूषामा निशा गिरी, गंगा मगर र अश्मिता ढकालले काम गरेका छन् । नाटकमा विवेक न्यौपानेले ध्वनि सम्पादन, उदिप सिवाकोटीले प्रकाश परिकल्पना, रविन दोङले मञ्च परिकल्पना, सुरेन्द्र क्षेत्री र शेखर दाहालको मञ्च व्यवस्थापन रहेको छ । नाटक भदौ १५ गतेदेखि ८ असोजसम्म मञ्चन हुने निर्माण पक्षले जनाएको छ । काठमाडौंस्थित ओजस थिएटरमा बिहीबारबाहेक हरेक दिन साँझ ५:३० बजे नाटक सुरु हुनेछ । शनिबार भने दिउँसो १ बजे मञ्चन हुनेछ ।

नागार्जुनाको पारिश्रमिक अमिताभभन्दा बढी



■ एजेन्सी

मुम्बई । दक्षिण भारतीय चर्चित अभिनेता नागार्जुनाले चलचित्र 'ब्रह्मास्त्र' मा बलिउड अभिनेता अमिताभ बच्चनको भन्दा बढी पारिश्रमिक लिएका छन् । नागार्जुना अभिनीत आगामी ९ सेप्टेम्बरमा प्रदर्शनमा आउने तयारीमा रहेको उक्त चलचित्रमा अभिनेता रणवीर कपुर, अभिनेत्री आलिया भट्ट, मौनी रोय लगायतका कलाकारको समेत महत्वपूर्ण भूमिका छ । यो चलचित्रमा अभिनेता अमिताभले करिब १० करोड पारिश्रमिक लिएका छन् भने नागार्जुनाले करिब ११ करोड पारिश्रमिक लिएको भारतीय सञ्चार माध्यमले जनाएका छन् ।

सोमबार ६३औं जन्मदिन मनाएका उनले हिन्दी र दक्षिण भारतमा गरी करिब १०० चलचित्रमा अभिनय गरेका छन् । २९ अगस्ट १९५९ मा जन्मिएका नागार्जुनाले सन् १९८६ मा प्रदर्शनमा आएको दक्षिण भारतीय चलचित्र 'विक्रम' बाट अभिनय यात्रा सुरू गरेका थिए । यस्तै, उनले चलचित्र 'शिवा' (१९९०) बाट बलिउडमा पाइला चालेका थिए ।

अभिनेता नागार्जुना आठ सय करोडको सम्पत्तिका मालिक हुन् । अन्नपूर्ण स्टुडियो प्रोडक्सन कम्पनीका मालिकसमेत रहेका उनको यो स्टुडियो ७ एकडमा फैलिएको छ । उनी सन् २०१२-१३ को फोर्ब्सको सूचीमा भारतका शीर्ष सय व्यक्तिमध्ये ५६औं र ६१औं स्थानमा परेका थिए । यस्तै उनी अन्नपूर्ण इन्टरनेनिल स्कुल अफ चलचित्र एण्ड मिडिया हैदरावादका अध्यक्ष पनि हुन् । यससँगै अभिनेता नागार्जुनाको हैदरावादको जुबली हिल्समा ४० करोडको बंगलासमेत रहेको छ । यस्तै, दुई रेस्टुरेन्टका मालिक रहेको उनका हैदरावादमा एन-ग्रिल र एन-एसियन नामका रेस्टुरेन्ट छन् ।

दक्षिण भारतमा चलचित्र अभिनयका कारण उनीका निकै प्रशंसक रहेका छन् । उनी निकै रुचाइएका अभिनेताका रुपमा चिनिन्छन् । सन् १९९७ मा प्रदर्शनमा आएको चलचित्र 'अन्नमाया' बाट प्रेरित नागार्जुनाका प्रशंसकले एउटा भव्य अन्नमाचार्य मन्दिर नै बनाइदिएका थिए । भारतीय सञ्चार माध्यमका अनुसार यो मन्दिर आन्ध्र प्रदेशको गुँटुरमा बस्ने अक्किनेनी नागार्जुनाका प्रशंसक सुधाकर स्वामीले बनाएका हुन् । उनले सन् १९९७ मा चलचित्र 'अन्नमय' हेरेपछि मन्दिरको शिलान्यास गरेका थिए । २२ वर्षपछि यो मन्दिर तयार भएको जनाइएको छ ।

यस मन्दिर निर्माणमा सुधाकरका साथीले समेत सहयोग गरेका थिए । अभिनेता नागार्जुनाका प्रशंसकले मन्दिरका लागि १ करोड ३० लाख रुपैयाँ जम्मा गरेका थिए । यस मन्दिरको नाम श्री अन्नमय स्वामी मन्दिरम् राखिएको छ । अभिनेता नागार्जुनाले दुई वटा विवाह गरेका छन् । उनले सन् १९८४ मा लक्ष्मी दग्गुबातीसँग पहिलो विवाह गरेका थिए । उनीहरुबाट नागा चैतन्य छोरा छन् । लक्ष्मीसँग सम्बन्धविच्छेद भएपछि उनले सन् १९९२ मा अभिनेत्री अमलासँग दोस्रो विवाह गरेका थिए । लक्ष्मी र उनको अखिल अक्किनेनी नामका छोरा छन् । नागार्जुनाका दुवै छोरा दक्षिणी भारतीय चलचित्र उद्योगमा सक्रिय छन् ।

सौर्य दैनिक
आर्थिक

चामल लिन सिडिओको सिफारिस अनिवार्य

पर्याप्त खाद्यान्न मौज्दात नहुँदा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड हुम्लाले अति आवश्यक कामका लागि मात्रै चामल उपलब्ध गराउने निर्णय गरेको छ । उक्त चामल लिन प्रमुख जिल्ला अधिकारीले सिफारिश गरेको आधारमा मात्रै प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ । ठेकेदारले सबै चामल ढुवानी नगर्दा चामल खाद्यान्न आपूर्तिमा समस्या देखिएको हो ।

बूढीगण्डकी बन्ने सुनिश्चित

काठमाडौं । बूढीगण्डकी जलाशययुक्त आयोजना पब्लिक लिमिटेड कम्पनीको रुपमा कम्पनी ऐन २०६३ को दफा ५ को उपदफा १ बमोजिम दर्ता भएको छ । योसँगै सर्वसाधारण समेतको लगानी हुने गरी आयोजना निर्माण गरिने पक्का भएको हो । सरकारले कम्पनी रजिष्ट्रारको कार्यालयमा बूढीगण्डकी जलाशययुक्त दर्ता गरेको हो । धादिङ र गोरखामा बन्ने आयोजना १२ सय मेगावाटको हो ।

सरकारको नीतिगत् बेइमानी !

आयात निषेध गर्ने सरकार आफै अर्बौंको खरिद गर्दै

सरकारले राजपत्रमा सूचना प्रकाशित गरी पेट्रोल डिजेलका सम्पूर्ण जिप, कार, भ्यानहरु प्रतिबन्ध लगाएको छ । एम्बुलेन्स र शववाहन बाहेकका सवारी नेपाल आयात गर्न पाइँदैन । पिकअपसहितका कमर्सियल गाडी आयातमा भने प्रतिबन्ध गरेको छैन ।

■ सौर्य समाचार

काठमाडौं । सरकारले सर्वसाधारणको हकमा गाडी आयात प्रतिबन्ध लगाएर आफू भने महंगा गाडी खरिद गर्ने निर्णय गरेको छ । असोज २८ सम्म गाडी आयातको प्रतिबन्ध लम्ब्याएको सरकारले डेढ सय बढी गाडी खरिद गर्न बजेट स्वीकृत गरेको हो ।

चालू आर्थिक वर्षको बजेटमा गाडी खरिद नगर्ने घोषणा गरेको सरकारले सवा अर्बको बजेट स्वीकृत गरेको छ । अर्थ मन्त्रालयले गाडी खरिदका लागि १ अर्ब १२ करोड ५० लाख रुपैयाँ स्वीकृति दिएको छ ।

विदेशी मुद्रा सञ्चिति कम भएको बताउँदै सरकारले वैशाखदेखि डिजेल पेट्रोलका सबै गाडीको आयात प्रतिबन्ध लगाएको छ । यसअघि भदौ १४ गतेसम्म आयात प्रतिबन्ध रहेकोमा सोमबार बसेको मन्त्रिपरिषद बैठकले सवारी साधनसहितका विलासिताका वस्तु आयातमा असोज २८ गतेसम्म प्रतिबन्ध लम्ब्याएको छ ।

अर्थ मन्त्रालय स्रोतका अनुसार ५० लाख रुपैयाँका दरले गाडी खरिद गर्न बजेट स्वीकृत भएको छ । उक्त बजेटबाटै नेपाल प्रहरी, सशस्त्र प्रहरी, गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयका लागि गाडी खरिद गरिनेछ ।

यी निकायका लागि गाडी खरिद गर्न गृह मन्त्रालयले ५ अर्ब ८४ करोड ७ लाख रुपैयाँ माग गरेको थियो । गाडी खरिदका लागि ३ अर्ब ४७ करोड ३५ लाख रुपैयाँ माग गरेको नेपाल प्रहरीले ७५ करोड रुपैयाँ मात्रै पाउने भएको छ ।

सशस्त्र प्रहरीले पनि १ अर्ब ८२ करोड ७२ लाख रुपैयाँ गाडी किन्न माग गरेको थियो । गृह मन्त्रालय, जिल्ला प्रशासन र इलाका प्रशासनका लागि ५४ करोड मागिएको थियो । सरकारले छुट्टाएको बजेटले डेढ सयवटा गाडी खरिद गर्न सकिने प्रहरी प्रवक्ता डीआईजी टेकप्रसाद राईले बताए ।

गाडी किन्न आवश्यक बजेट नपाएसँगै प्रहरीले निर्वाचनमा भाडाका गाडी प्रयोग गर्नुपर्ने अवस्था आएको उनी बताउँछन् । 'प्रहरीलाई आवश्यक ड्युटीका लागि गाडी पुग्दैन', डीआईजी राईले भने, 'यसअघि स्थानीय तहको निर्वाचनमा पनि भाडाका गाडी प्रयोग गरेका थियौं । आगामी चुनावमा पनि भाडामा लिएर काम चलाउनुपर्ने हुन्छ ।'

बजारमा कार-जिप छैनन्

सरकारले राजपत्रमा सूचना प्रकाशित गरी पेट्रोल डिजेलका सम्पूर्ण जिप, कार, भ्यानहरु प्रतिबन्ध लगाएको छ । एम्बुलेन्स र शववाहन बाहेकका सवारी नेपाल आयात गर्न पाइँदैन । पिकअपसहितका कमर्सियल गाडी आयातमा भने प्रतिबन्ध गरेको छैन ।

सरकारले सवारीसाधन आयात प्रतिबन्ध लगाएर कसरी सवारीसाधन खरिद गर्न सक्छ भन्ने प्रश्न उब्जिएको छ । महिन्द्राको आधिकारिक बिक्रेता अग्नी इन्कर्पोरेटले कमर्सियल गाडी बजारमा रहे पनि कार-जिप-भ्यान उपलब्ध नरहेको जनाएको छ ।

'सरकारले कमर्सियल गाडी खरिद गर्दा उपलब्ध गराउन व्यवसायीलाई कुनै समस्या हुँदैन,' अग्नी इन्कर्पोरेट प्रालीका महाप्रबन्धक वरदान बस्नेतले भने,'तर जिप-कार-भ्यान आयात भने ४ महिनादेखि बन्द छ । बजारमा गाडी पाउनै मुश्किल छ ।'

सरकारले वैशाख १३ गतेभन्दाअघि बैंकिङ माध्यमबाट पैठारीको प्रक्रिया सम्पन्न भइसकेका जिप कार, भ्यान, मोटरसाइकलमा पनि उक्त व्यवस्था लागू नहुने राजपत्रमा उल्लेख रहेको छ ।

अटो व्यवसायीका अनुसार बजारमा उपलब्ध भएका गाडी पनि दशैं तिहारको लागि बुकिङ भइसकेकाले सरकारले कसरी खरिद गर्छ भन्ने जानकारी नभएको बताउँछन् । 'सरकारले चाह्यो भने त जसरी पनि ल्याउन सक्ला । अहिले बजारबाट कार, जिप, भ्यान खरिद गर्न समस्या हुन्छ', बस्नेतले भने ।

चुरोट, तास र हिराको आयात खुल्ला तर गाडी प्रतिबन्ध

अटो व्यवसायीको छाता संगठन नाडा अटो मोबाइल्स एसोसिएसनले चुरोट र तासको आयात खुल्दा थोरै सीसीका गाडीको आयात नखुलेकोमा आक्रोस व्यक्त गरेका छन् । नाडा अध्यक्ष ध्रुव थापाले सरकारसँग कम सीसीका गाडी आयात खुलाउन माग गरे पनि सुनुवाइ नभएको बताए । 'हामीले १५ सय सीसीसम्मका गाडी आयात गर्न दिन माग गरेका थियौं', ध्रुव थापाले भने, 'चुरोट र तास आयात खुलाउँदा अत्यावश्यक भएका सवारी साधनको प्रतिबन्ध राखिएको छ ।'

नाडा कार्यसमिति सदस्य तथा नाडा एक्स्पो संयोजक अनुपकुमार बरालले आक्रोश व्यक्त गरे । बरालले सौदाबाजी गरेर चुरोट तास र हिराको आयात खुल्ला गरेको बताए । 'सौदाबाजीमा बाँडफाँट गरियो । चुरोट, तास र हिराको आयात खुल्ला गरे', बराल भन्छन्, 'विकास र आवश्यकतासँग सिधा जोडिएको गाडी र मोटरसाइकल विलासिताको वस्तु भन्दै आयातमा प्रतिबन्ध लगाए ।'

पाइपलाइनको नाफा ट्यांकर व्यवसायीलाई

■ सौर्य समाचार

काठमाडौं । २०७६ भदौं २४ गते नेपाल-भारत पहिलो अन्तरदेशीय पेट्रोलियम पाइपलाइन सञ्चालनमा आयो । भारतको मोतिहारीदेखि नेपालको अमलेखगञ्जसम्म ६९.२ किलोमिटर लामो पाइपलाइनबाट पहिलो वर्ष ५३ करोड ४१ लाख लिटर र डिजेल आयात भयो ।

नेपाल आयल निगमकाअनुसार वार्षिक खपतमा भएको वृद्धिका कारण पाइपलाइनबाट तेल आयात हरेक वर्ष बढ्दो छ । पाइपलाइनले ट्यांकरमार्फत हुने ढुवानी रोकिंदा परियोजना सञ्चालनको दोस्रो वर्षमा २ अर्ब रुपैयाँ ढुवानीमै बचत देखिएको छ ।

गत आर्थिक वर्ष पाइपलाइन सञ्चालनको तेस्रो वर्ष हो यसको एकीकृत हिसाब भने आइसकेको छैन । मोतिहारी-अमलेखगञ्ज ढुवानी भाडा जोगिंदा निगमलाई फाइदा भएको बताउँदै निगम स्रोत भन्छ, 'गत वर्ष पनि अघिल्लो वर्षकै हाराहारी बचत हुने देखिन्छ, हिसाब भने आइसकेको छैन ।'

भारतको बरौनीदेखि अमलेखगञ्जसम्म ट्यांकरबाट ढुवानी गर्दा हुने प्रतिलिटर १ रुपैयाँ ५० पैसा खर्च पाइपलाइन बनेपछि बचत भएको छ । यस्तै तापक्रमका कारण हुने नोक्सानीको क्षति पनि पाइपलाइनले जोगाएको छ । सञ्चालन खर्च कम गर्न महत्वपूर्ण हुने दाबी गरिएको पाइपलाइनले सुखद् नतिजा दिइरहेको बेला निगम भने ट्यांकरको भाडा बढाउन बल गरिरहेको छ ।

पाइपलाइन बन्नुअघि पेट्रोलियम ढुवानीमा करिब १९ सय वटा ट्यांकर थिए । अहिले पनि ट्यांकर संख्या घटेको छैन । ट्यांकरको कमाइलाई लिएर ढुवानी व्यवसायी चिन्तित छन् । उनीहरु जसरी पनि ढुवानी भाडा वृद्धि गरेर आम्दानी बढाउन चाहन्छन् । आर्थिक रुपमा कमजोर आयल निगम ढुवानी भाडा वृद्धि गरेर आधा अर्ब रुपैयाँ खर्चिन तम्सिएको देखिन्छ ।

ढुवानी भाडा बढाउन बोर्ड बैठक

निगमले ढुवानी भाडाको बिषयमा सञ्चालक समिति बैठकमार्फत ढुवानी भाडा बढाउन प्रस्ताव अघि बढाएको छ । यो प्रस्ताव पास भयो भने नेपाल आयल निगमलाई वार्षिक ४५ करोडभन्दा बढी आर्थिक व्ययभार थपिने छ । यसअघि पटक-पटक अस्वीकृत प्रस्ताव बुधबारको सञ्चालक समिति बैठकबाट पनि अस्वीकार भएको थियो ।

ट्यांकर घटाउने कि भाडा बढाउने ?

पाइपलाइन सुरु हुनुअघि निगमले हरेक वर्ष पेट्रोलियम ढुवानीमा ६ अर्ब रुपैयाँ खर्च गर्ने गरेको थियो । यस्तो खर्चको औसत हिसाब हेर्दा एउटा ट्यांकरले महिनामा औसत ६ ट्रिप इन्धन ओसार पसार गर्ने गरेको देखिएको थियो । इन्धन ढुवानीमा १९ सय ट्यांकर परिचालन हुन्छन् ।

मोतिहारी-अमलेखगन्ज पाइपलाईन बनेपछि ढुवानीमा हुने खर्च ६ अर्बबाट घटेर ४ अर्ब रुपैयाँमा झऱ्यो । यसमा ढुवानी व्यवसायीहरु रुष्ट छन् । निगम व्यवस्थापन उनीहरुलाई खुसी पार्ने प्रयासमा लागेको देखिन्छन् । 'ढुवानीको विजनेश कम भएपछि ट्यांकर संख्या घटाउनुपर्छ' निगमका एक अधिकारी भन्छन्, 'संख्या उही राखेर पैसा थप्दै जाने निर्णय भयो भने गलत हुन्छ ।'

पेट्रोलियम कर छुट गर्न माग

यातायात व्यवसायीहरूले सरकारले पेट्रोलियम पदार्थमा लगाइएको कर छुट गरी मूल्य निर्धारण गर्न माग गरेका छन् । मुलुकभरका यातायात व्यवसायीको छाता संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले एक विज्ञप्ति जारी गरी पटक -पटक पेट्रोलियम पदार्थको मूल्यवृद्धि हुँदा व्यवसायीहरू मारमा परेको भन्दै पेट्रोलियम पदार्थमा लगाइएको कर छुट गरी मूल्य निर्धारण गर्न माग गरेका हुन् ।

महासंघका महासचिव डेकनाथ गौतमले भारतीय बजारमा पटकपटक पेट्रोलियम पदार्थको मूल्य घट्दा नेपालले भने नघटाइकन उल्टो बढाउँदा व्यवसायीहरू समस्यामा परेको बताए । यातायात क्षेत्रमा करिब १० खर्बको लगानीका साथै ११ लाख जनशक्तिले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा रोजगार प्राप्त गरेका छन् ।

जनतालाई महंगी, व्यापारीलाई भाडा वृद्धि

निगमले पछिल्लो तीन महिनायता इन्धनको भाउ घटेर आए पनि उपभोक्ता मूल्य घटाएको छैन । भारतीय आयल निगमलाई तिर्नपर्ने वक्यौता धेरै छ भन्दै उपभोक्ता मूल्य घटाउन आनाकानी गरिरहेको छ निगम ।

ढुवानी व्यवसायीको भाडा वृद्धिको लागि भने एक वर्षमा ८ पटक बोर्ड बैठक बसेको छ । २०७७ माघदेखि अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य बढ्न थालेको थियो । अलि-अलि गर्दै बढेको मूल्य २०७८ साउन आइपुग्दा धेरै नै भएपछि सार्वजनिक यातायात व्यवसायीको मागअनुसार सरकारले बस ट्रक लगायतका सवारी साधनको भाडा वृद्धि गऱ्यो । सार्वजनिक यातायातको भाडा बढेअनुसार आफूहरुको पनि बढ्नुपर्ने भन्दै इन्धन ढुवानी व्यवसायीले निगमलाई दबाव दिइरहेका छन् ।

अहिले बरौनीबाट काठमाडौंसम्म २० हजार लिटर पेट्रोल बोक्दा एउटा ट्यांकरले ६ हजार २२० रुपैयाँ प्रतिकिलोलिटर भाडा पाउँछन् । त्यही पेट्रोल अमलेखगञ्जबाट काठमाडौं ल्याए २ हजार ६३९ प्रतिकिलोलिटर पाउँछन् । व्यवसायीहरुले अहिले रुट, ठेगानाअनुसार होलसेलमा ३ प्रतिशतदेखि १० प्रतिशतसम्म भाडा वृद्धि गरिरहेका छन् ।

भाडा वृद्धिबारे अध्ययन गर्न निगमले बनाएको अध्ययन समितिले रुट हेरेर ३ प्रतिशतदेखि १० प्रतिशतसम्म भाडा वृद्धि गर्न सकिने प्रतिवेदन दिएको थियो । अर्थात्, ढुवानी व्यवसायीले जती बढाउनुपर्छ भनेर लबिइङ गरिरहेका थिए, त्यती नै बढाइदिने गरी प्रतिवेदन बन्यो ।

सार्वजनिक यातायातमा नाफा र प्रतिफलको ग्यारेन्टी हुन्न । ट्यांकर व्यवसायमा भने दैनिक पाइने भाडा, नाफा र लगानी निश्चित हुन्छ । त्यसैले सार्वजनिक यातायात र टयांकरको भाडा वृद्धि फरक कुरा भएको जानकारहरु बताउँछन् ।

हवाई टिकटको बुकिङ बढ्यो

■ सौर्य समाचार

काठमाडौं । दशैं मान्न काठमाडौं छाडेर घर जानेहरुले हवाई टिकट बुकिङ गर्न थालेका छन् । वायुसेवा कम्पनीहरुका अनुसार अहिले दशैंको अन्तिम दिनहरुलाई लक्षित गरी उच्च दरमा टिकट काट्ने क्रम बढेको छ । यसमध्ये तुम्लिङटार विमानस्थलका लागि भने सबै टिकट बिक्री भइसकेको बुद्ध एयरले जनाएको छ ।

कम्पनीका सूचना अधिकृत दीपेन्द्र कर्णका अनुसार यो विमानस्थल बाहेकका विमानस्थलमा भने अग्रिम बुकिङ धमाधम भइरहेको छ । यति एयरलाइन्सका अनुसार दशैंमा काठमाडौंबाट बाहिर जानेहरुले फूलपातिपछि बढी बुकिङ गरिरहेका छन् । दशैंको टिकाको भोली पल्टबाट भने उपत्यका बाहिरबाट काठमाडौं फर्कनेको चाप छ ।कम्पनीका प्रवक्ता सुदर्शन बर्तौलाका अनुसार अहिलेसम्म ५० प्रतिशतभन्दा माथि टिकट बिक्री भइसकेको छ । 'पहिलेजस्तो दशैंलाई मात्र भनेर खुलाउने गरिएको छैन,' उनले भने, 'टिकट अनलाइनमा खुला हुन्छ, आफ्नै मोबाइलबाट यात्रुले सजिलै बुकिङ गर्न सक्नु हुन्छ ।'

सौर्य एयरलाइन्सले शुक्रबारदेखि दशैं र तिहारलाई केन्द्रित गरी अग्रिम बुकिङ खुला गरेको जानकारी गराएको छ । वायुसेवा कम्पनीहरुका लागि नेपाल नागरिक उड्डयन प्राधिकरणले टिकटको माथिल्लो दर तोकिदिएको हुन्छ । त्यस दरभन्दा मुनी विभिन्न दरमा कम्पनीहरुले टिकटहरु राखेका हुन्छन् । सामान्यतया १/२ महिना अगाडि नै टिकट बिक्रि गर्नेहरुले सस्तो दरको टिकट हात पार्छन् ।

त्यसपछि भने महँगो दरको टिकटहरुमात्र बाँकी रहन्छ । कम्पनीहरुले अनलाइन टिकट बुकिङ सहज बन्दै गएपछि वर्षभर नै टिकट बुक गर्न सकिने गरी खुला छाडेका छन् । यसले विगतमा जस्तै सस्तोमा टिकट होल्ड गरी महँगोमा बिक्री गर्ने ट्राभल कम्पनीको धन्दा भने रोकिएको छ । सोहीकारण अहिले दशैंलाई भन्दै घोषित टिकट बिक्री खुलाउने गरिएको छैन ।

वायुसेवा कम्पनीहरुले अहिले सुगम भेगमा पर्याप्त मात्रामा ठूला जहाज थपेका छन् । यसले विगतमा जस्तै चाडबाडमा हवाईजहाजको टिकट नै नपाउने समस्या नहुने वायुसेवा कम्पनीहरुको भनाइ छ ।

'दूर्गमका विमानस्थलमा जहाज कम छन्, त्यहाँ समस्या छन्,' यति एयरलाइन्सका प्रवक्ता बर्तौला भन्छन्, 'तर सुगममा अब समस्या छैन ।' उनका अनुसार यति एयरलाइन्सले दशैं अगाडि नै थप एक एटीआर जहाज थप्दैछ ।

'होसियारीले नेपाल श्रीलंका बन्न पाएन'

■ सौर्य समाचार

काठमाडौं । सरकारको होसियारीका कारण मुलुक श्रीलंका हुनबाट जोगिएको अर्थमन्त्री जनार्दन शर्माले बताएका छन् । नेपाल आर्थिक पत्रकार समाज (सेजन) को २४ औं वार्षिक साधारणसभालाई सम्बोधन गर्दै अर्थमन्त्री शर्माले शनिबार यस्तो बताएका हुन् । 'अहिले मुलुकको ठूलो संकट टरेको छ । सरकारको होसियारी नअपनाएको भए सायद मुलुकमा श्रीलंकाको जस्तो अवस्था सिर्जना हुन सक्थ्यो,' अर्थमन्त्री शर्माले भने,'सही समयमा सरकारले सही रुपमा होसियारी अपनाएकै कारण मुलुकको ठूलो आर्थिक संकट टरेको छ ।' पछिल्लो समयमा रेमिट्यान्स बढेसँगै विदेशी मुद्रा सञ्चिती पनि बृद्धि भएको उनले दावी गरे । यसले गर्दा मुलुकको अर्थतन्त्र सबल हुँदै जाने उनको ठहर छ । नेपाली परम्पराअनुसारको चाडपर्व नजिकिएसँगै अहिले मुलुकमा भित्रिने रेमिट्यान्स बढेको उनले बताए ।

'चाडपर्व सुरु भएसँगै बढेको रेमिट्यान्सले मुलुकको अर्थतन्त्र बलियो हुँदै गएको छ,' उनले भने,'तर अहिले देशमा लगानीयोग्य रकमको भने अभाव भएको छ । चाडपर्वको समयमा तरलता अभाव हुन नदिन सरकारले बजेट खर्चमा बिशेष ध्यान दिएको छ ।'

मन्त्री शर्माले निजी क्षेत्रलाई उत्पादनमुलक क्षेत्रमा लगानी बढाउन आग्रह गरेका छन् । बजेटमा निर्यात प्रवर्द्धन गर्न लिइएको नितिको फाइदा लिन व्यवसायीसँग उनले आग्रह गरे । नेपाल राष्ट्र बैङ्कका गभर्नर महाप्रसाद अधिकारीले अर्थतन्त्रमा पछिल्लो मंसिरयता सहजता देखिन थालेको जानकारी दिए । तर जोखिम कम नभएको भन्दै उनले राष्ट्र बैंकले सजगता भने नहटाएको बताए । अधिकारीले सोही अनुसार आयातमा केही वस्तुको कडाइ कायमै राखेको जानकारी दिए । बाह्य क्षेत्रमा जोखिम कम नभएको भन्दै उनले अवस्था सामान्य बनेसँगै आयात पूर्णतया खुला हुने बताए । पेट्रोलियम पदार्थको मूल्य विश्वव्यापी रुपमा बढ्दा संसारभरका अर्थमन्त्री र गभर्नर दबावमा रहेको उनले उल्लेख गरे । नेपालमा समेत मूल्यको दबाब तथावत रहेको उनको भनाइ छ । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्व पौडेलले सरकारी निकायहरू नेपाल श्रीलंका बन्छ भन्ने कुरामा कहिले पनि नआत्तिएको बताए । उनले भने, 'हामी सरोकारवाला हरेक दिनजसो बैठक बस्थे, जसरी बाहिर हल्ला भयो, हामी त्यसरी आत्तिएकै थिएनौं ।' आगामी दिन नेपालको भविष्य उज्ज्वल रहेको समेत उनले बताए । रेमिट्यान्सको रकम घर निर्माण सकेर अब उत्पादनमा लाग्न थालेको उदाहरण दिंदै आगामी दिन भविष्य राम्रो हुने उनले बताए । यो बीचमा धेरै पूर्वाधार निर्माण भैसक्ने भन्दै उनले यसका कारण साकारात्मक परिणाम प्राप्त हुने दाबी गरे । ग्रामीण सडकमा लगानी बढाउनु पर्ने, स्वास्थ्य र शिक्षामा समेत लगानी बढाउनु पर्ने आवश्यकता रहेको उनले बताए ।

डाक्टर नर्स सहरमा मात्र बस्न चाहेको भन्दै उनले दुर्गम भेगलाई समेत अब सुगम बनाउनु पर्ने बताए । भूकम्पपछि स्कुलहरू दरबार जस्तो बनेको भन्दै उनले अब भूकम्प नगएका जिलामा केन्द्रित हुनुपर्ने बताए ।

असोज १ गतेदेखि सुपथ मूल्य पसल

■ सौर्य समाचार

काठमाडौं । सरकारले चाडपर्व लक्षित सुपथ मूल्य पसल सञ्चालन गर्ने भएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालले आगामी असोज १ गतेदेखि कात्तिक १५ गतेसम्म सुपथ मूल्य पसल सञ्चालन गर्ने निर्णय गरेको हो ।

मन्त्रालयमा बिहिबार बसेको बैठकले उक्त निर्णय गरेको हो । मन्त्रालयका सह प्रवक्ता उर्मिला केसीकाअनुसार खाद्य व्यवस्था तथा व्यापार कम्पनी, साल्ट ट्रेडिङ्ग कर्पोरेशन, दुग्ध विकास संस्थान(डीडीसी) लगायतको संस्थाको सहकार्यमा सुपथ मूल्य पसल सञ्चालन गर्न लागिएको हो ।

सुपथ मूल्य पसलमार्फत सरकारले खसीबोका र च्याङग्रा, नुन, घीउ, पनिर, चिज, दही, चामल, च्युरा, पिठो, खानेतेल, दाल, माछा, गेडागुडीमा छुट दिने व्यवस्था गरिएको छ । मन्त्रालयकाअनुसार सुपथ मूल्य पसलबाट खरिद गर्ने उपभोक्ताले प्रतिकिलो नुनमा २ रुपैयाँ, घीउमा ५० रुपैयाँ, पनिर र चिजमा २५ रुपैयाँ छुट पाउने व्यवस्था गरिएको छ । यस्तै प्रतिकिलो चामल, च्युरा, पिठो, मैदा, दाल, माछा र प्रतिलिटर खानेतेलमा ७ रुपैयाँ छुट दिने व्यवस्था गरिएको छ । त्यस्तै कर्णालीको गेडागुडी, चिनी र खसीबोकामा प्रतिकिलो १० रुपैयाँ छुट दिने निर्णय गरिएको छ ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनीको केन्द्रिय कार्यालय, प्रादेशिक कार्यालय, अनलाइन, बिक्री डिपोसहित ४१ र साल्ट ट्रेडिङ्गको २४ वटा सुपथ मूल्य पसल राख्न लागिएको छ ।

सौर्य
खेलकुद
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ म.क्षे.हु.नि.द.नं. १६/०७३/७४

अखिल नेपाल फुटबल संघ (एन्फा)का निवर्तमान अध्यक्ष कर्माछिरिङ शेर्पा र वर्तमान महासचिव किरण राईको नाम संघीय सांसदका लागि सिफारिसमा परेको छ

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीमा १९ जना सदस्य थप भएका छन् । मञ्चको शनिबार पोखरा रंगशालाको मिडिया सेन्टरमा बसेको चौथौं बैठकले यो निर्णय गरेको हो

भलिबल संघको अध्यक्षमा मास्के र चन्दबीच प्रतिस्पर्धा हुने !

■ सौर्य समाचार

काठमाडौं । नेपाल भलिबल संघको अध्यक्ष पदमा निर्वाचन हुने सम्भावना बढेको छ । जितेन्द्र बहादुर चन्दले उम्मेदवारी दिने भएपछि अध्यक्ष पदमा निर्वाचन हुने भएको हो ।

वर्तमान कार्यसमितिमा महासचिव रहेका चन्दले आइतबार पत्रकार सम्मेलनमार्फत औपचारिक रुपमा उम्मेदवारी घोषणा गर्ने तयारी गरेको बताए । संघको साधारण सभा भदौ २२ गते हुँदैछ । उपाध्यक्ष निरोज मास्केले यसअघि नै अध्यक्ष पदका लागि उम्मेदवारी घोषणा गरिसकेकी छन् । पूर्व खेलाडी समेत रहेका चन्दले प्रतिवद्धता पत्रसहित उम्मेदवारी घोषणा गर्ने जानकारी दिए । महासचिवका रुपमा चन्दको यो दोस्रो कार्यकाल हो । मास्के सदस्य, कोषाध्यक्ष हुँदै उपाध्यक्ष निर्वाचित भएकी थिइन् । चन्द एभिसी सेन्ट्रल जोनका कोषाध्यक्ष हुन् । उनलाई वर्तमान अध्यक्ष मनोरञ्जनरमण शर्माको साथ रहेको विश्वास गरिएको छ ।

उता मास्केको उम्मेदवारी घोषणामा पूर्व अध्यक्षद्वय गंगाबहादुर थापा र दानबहादुर तामाङले साथ रहने बताएका थिए ।

औपचारिक रुपमा प्यानलको घोषणा नगरेपनि मास्के र चन्द दुवै प्यानलसहित निर्वाचनमा प्रतिस्पर्धा गर्ने तयारीमा रहेको भलिबल वृतमा चर्चा छ । महासचिव पदका लागि सचिव मनवीर छन्त्यालले पनि उम्मेदवारी घोषणा गरिसकेका छन् । अन्य पदमा भने अहिले सम्म उम्मेदवारी सर्वजनिक भएको छैन । उनी मास्के निकट मानिन्छन् ।

पलेशा र किरण राखेप वर्षका उत्कृष्ट खेलाडी

■ सौर्य समाचार

काठमाडौं । पारा तेक्वान्दो खेलाडी ओलम्पियन पलेशा गोवर्द्धन र राष्ट्रिय फुटबल टोलीका कप्तान गोलकिपर किरण चेम्जोङ राष्ट्रिय खेलकुद परिषद् (राखेप) उत्कृष्ट वर्ष खेलाडी सिनियरतर्फ सम्मानित भएका छन् । टेबल टेनिसकी इभाना थापा र एथलेटिक्सका सुदीप थारुले जुनियरतर्फको उत्कृष्ट वर्ष खेलाडी सम्मान प्राप्त गरेका छन् । गत वर्ष जापानमा भएको पारा आलम्पिकमा क्वार्टरफाइनल सम्मको यात्रा तय गरेकी पलेशाले मंसिरमा एसियन युथ पारा गेम्सको तेक्वान्दोमा स्वर्ण पदक जितेकी थिइन् । उनले ५७ केजी मुनी के ४४ तर्फ पहिलो स्थान प्राप्त गरेकी थिइन् । ओलम्पिकमा दुई बाउट जित्ने र एसियन युथ पारामा पदक जित्ने उनी पहिलो खेलाडी हुन् ।

व्यवासायिक फुटबलमा सफल रहँदै आएका किरणको कप्तानीमा नेपाली टोलीले २०७७ मा थ्री नेसन्स कप जितेको थियो । किरणको सम्मलित धनगढी एफसीले एनएसएलको पहिलो संस्करणको फाइनल सम्मको यात्रा तय गरेको थियो । दुई साता अघि मात्र किरण सम्मलित माल्दिभ्सको माजियाले माल्दिभ्सको लिग र एएफए कपको उपाधि जितेको थियो ।

जुनियर महिलामा उत्कृष्ट बनेकी इभानाले यसै वर्ष माल्दिभ्समा भएको दक्षिण एसियाली क्याडेड तथा जुनियर टेबल टेनिस प्रतियोगिताको क्याडेड गर्ल्स टिम इभेन्ट्समा रजत पदक जितेकी थिइन् । सुदीपले १२ औं राष्ट्रपति रनिङ शिल्डमा राष्ट्रिय कीर्तिमान बनाएका थिए । नेपाल ट्रायथोलन संघ उत्कृष्ट संघबाट तथा भरतपुर महानगरपालिका उत्कृष्ट पालिकाबाट सम्मानित भएको छ । त्यस्तै राष्ट्रिय क्रिकेट टोली, राष्ट्रिय भलिबल टोलीलगायतलाई प्रायोजन गर्दै आएको केल्मीको आधिकारिक विक्रेता कामरु ट्रेडिङ सोही अवसरमा सम्मानित भएको छ । त्यस्तै द हिमालयन टाइम्सका खेलकुद ब्यूरो प्रमुख महेश आचार्य र राससकी मुना कार्कीलाई राखेपले सम्मान गरेको छ । राखेपको ५९ औं वार्षिकोत्वसका उपलक्ष्यमा भद्रकालीस्थित आर्मी अफिसर्स क्लबको हलमा भएको कार्यक्रममा खेलाडी, संघ, पालिका, कर्मचारी, प्रायोजक लगायतलाई सम्मान गरिएको थियो । खेलाडीसहित १६ जना सम्मानित भएका थिए । त्यस्तै दीर्घ सेवा पदक र परिषद् सेवा पद गरि १ सय ४१ राखेप कर्मचारी विभुषित भएका छन् ।

प्रधानमन्त्री शेरबहादुर देउवा, युवा तथा खेलकुद मन्त्री महेश्वरजंग गहतराज, राखेप सदस्य सचिव टंकलाल घिसिङलगायतले खेलाडी, कर्मचारीलाई सम्मान र विभुषित गरेका थिए । राखेप २०२१ भदौ १३ गते स्थापना भएको थियो ।

■ एसिया कप क्रिकेट

पाकिस्तान सुपर चारमा

■ एजेन्सी

सारजाह । पाकिस्तान युएईमा जारी एसिया कप क्रिकेटको सुपर चारमा प्रवेश गरेको छ ।

सारजाह क्रिकेट मैदानमा शुक्रबार हङकङलाई १ सय ५५ रनको फराकिलो अन्तरले हराउँदै पाकिस्तान सुपर चारमा पुगेको हो ।

पाकिस्तानले दिएको १ सय ९४ रनको लक्ष्य पछ्याएको हङकङ १० ओभर ४ बलमा ३८ रन जोड्दा अलआउट भयो ।

पाकिस्तानी बलरसामु हङकङका कुनैपनि खेलाडीले दोहोरो अंकको रन जोड्न सकेनन् ।

हङकङका लागि कप्तान निजाकट खानले सर्वाधिक ८ रन बनाए । किन्चित शाहले ६ रन जोड्दा स्कटले ४ रन जोडे ।

पाकिस्तानका लागि शादब खानले ४ विकेट लिए । मोहमद नवाजले ३ विकेट लिंदा नासिम शाहले २ विकेट लिए । त्यसअघि पहिले ब्याटिङ गरेको पाकिस्तानले २० ओभर २ विकेट गुएर १ सय ९३ रन बनाएको थियो ।

पाकिस्तानका लागि मोहम्मद रिजवान र फकर जमानले अर्धशतकीय इनिङ खेले । रिजवानले अविजित ७८ तथा जमामले ५३ रन बनाए । खुल्सदिन शाहले अविजित ३५ तथा कप्तान बाबर अजामले ९ रन बनाए ।

हङकङका लागि इशान खानले २ विकेट लिए । यस जितसँगै समूह 'ए' बाट पाकिस्तानले सुपर चारमा स्थान बनाएको हो ।

यस समूहबाट भारतले यस अघि नै सुपर चारमा स्थान बनाईसकेको छ । यस समूहमा भारत २ खेलमा ४ अंक जोडेर शीर्ष स्थानमा रह्यो । पाकिस्तानले २ खेलमा २ अंक जोडेर दोस्रो स्थानमा रह्यो । अंक विहीन हङकङ भने बाहिरिएको छ ।

इलामका ३२ जना फुटबलरको स्वास्थ्य बीमा

■ सौर्य समाचार

इलाम । नवौं राष्ट्रिय खेलकुदको प्रदेश छनौटका लागि सहभागी हुने इलामका ३२ जना खेलाडीको निशुल्क स्वास्थ्य बीमा गरिएको छ ।

इलामको देउमाई नगरपालिका निवासी नेपाल लाइफ इन्स्योरेन्स कम्पनीका सिनियर एजेन्सी म्यानेजर सोम लुइटेलले निःशुल्क बीमा गरिदिएका हुन् । पेशागत बीमा अभिकर्ता संघ बिमक समिति प्रदेश सदस्य समेत रहेका लुइटेलले पुरुष र महिला टोलीका १६/१६ जना खेलाडीको प्रति व्यक्ति एक लाख रुपैया बराबरको बीमा गरिदिएको इलाम जिल्ला फुटबल संघका अध्यक्ष विक्रम श्रेष्ठले जानकारी दिए ।

बीमा भएका खेलाडीहरु १ वर्ष अवधिभित्रमा खेलका क्रममा घाइते भएको खण्डमा १ लाख रुपैयासम्मको उपचार सेवा पाउनेछन् ।

'बीमा अवधि भित्रमा खेलाडीहरुको आकस्मिक कुनै कारणले मृत्यु भएमा परिवारलाई २ लाख रुपैया पाउनुहुनेछ । खेलाडी घाइते भएमा १ लाख रुपैया पाउनुहुनेछ,' लुइटेलले भने 'यो वर्षको मैले व्यक्तिगत खर्चमा गरिदिएको हो । उहाँहरुले ३ वर्षसम्म बीमा रकम तिर्नुभएको खण्डमा पैसा फिर्ता समेत लिन सक्नुहुनेछ ।'

विश्व

रूसबाट काट्यो जर्मनी जाने ग्यास पाइपलाइन

■ एजेन्सी

मस्को । रुसबाट जर्मनी जाने ग्यास पाइपलाइन शनिबार पनि खुला नहुँने भएको रुसी उर्जा कम्पनी ग्याजप्रोमले जनाएको छ । ग्यास प्रवाह हुने नर्ड स्ट्रिम १ पाइप लाइनबाट ग्यास चुहेकाले अनिश्चितकालका लागि बन्द गरिएको कम्पनीले जनाएको छ । केही दिनदेखि बन्द उक्त पाइपलाइन शनिबार पुनः खुला हुने बताइएको थियो ।

पाइप लाइनमा मर्मत सम्भार गर्न आवश्यक भन्दै कम्पनीले तीन दिनदेखि ग्यास आपूर्ति रोकेको थियो । यो जाडो मौसममा युरोपेली युनियनका मानिसहरुले ताप लिन ठूलो मूल्य चुकाउनुपर्ने त्रासबीच उक्त पाइप लाइन अनिश्चतकालीन समयका लागि बन्द भएको

विवरण सार्वजनिक भएको छ । रुसले २४ फेब्रवरीदेखि युक्रेनमा हमला गरेपछि ग्यासको मूल्यमा अस्वभाविक वृद्धि भएको छ ।

मस्कोले युद्धका लागि गर्दै आएको खर्च घटाउने प्रयत्नमा युरोपले रुसी उर्जा कम प्रयोग गर्ने प्रयास गरे सफल हुन सकेको छैन् । रुसी कदम अनौठो नभएको ईयू परिषदका अध्यक्ष चार्ल्स मिसेलले बताएका छन् । उर्जामा निर्भर रहने मार्गलाई तीब्रता दिने अध्यक्ष मिसलले बताएका छन् । ' युक्रेनका नागरिकहरुको रक्षा र युक्रेनको स्वतन्त्रता नै हाम्रो कर्तव्य हो', उनले भने ।

पोल्याण्डले जर्मनीसँग माग्यो १.३ ट्रिलियन युरो क्षतिपूर्ति

■ एजेन्सी

बर्लिन । पोल्याण्डले दोस्रो विश्वयुद्धमा देशले भोगेको क्षति र नोक्सानको क्षतिपूर्ति स्वरुप जर्मनीले ६.२ ट्रिलियन ज्लोटी (१.३ ट्रिलियन युरो) तिर्न बाँकी रहेको दावी गरेको छ । लामो समयदेखि प्रतिक्षामा रहेको संसदीय प्रतिवेदनमा यस्तो दावी सार्वजनिक भएको हो । पाँच वर्षअघि सरकारले दोस्रो विश्वयुद्धको समयमा जर्मनीले पोल्याण्डमा गरेको हत्या, लुट, र विनाशका लागि उसले तिर्नुपर्ने क्षतिपूर्ति एकिन गर्न संसदीय समिति गठन गरेको थियो । नाजी जर्मनीले सन् १९३९ मा पोल्याण्डमा आक्रमण गरेर दोस्रो विश्वयुद्ध सुरु गरेको दिनको वार्षिकोत्सवमा प्रतिवेदन जारी गरिएको हो ।

वार्साको दक्षिणपन्थी सरकारको बर्लिनबाट क्षतिपूर्ति प्राप्त गर्ने यो पछिल्लो प्रयासलाई जर्मन राजनीतिज्ञले भने पहिलदेखि अस्वीकार गर्दै आएका छन् । रिपोर्ट बर्लिन र वार्साबीचको कूटनीतिक तनावको समयमा आएको छ । आगामी वर्ष पोल्याण्डमा संसदीय चुनाव हुन लागको पूर्वसन्ध्यामा सत्तारुढ दलले देशका वामपन्थी विपक्षी दलहरु जर्मनीसँग मिलेर पोल्याण्डको राष्ट्रिय हितलाई कमजोर बनाउन लागी परेको आरोप लगाउन थालेको छ । गत वर्ष, पोलिस सरकारले जर्मनी र रसियाले दोस्रो विश्वयुद्धमा गरेको क्षतिको बापत हर्जना तिराउन दबाब दिन इन्टिच्युट अफ वार लसेस गठन गरेको थियो । रुसले भने दोस्रो विश्वयुद्धमा आफूले सो देशलाई नाजी कब्जाबाट स्वतन्त्र गराइदिए वापत उल्टो उसले पैसा तिर्नुपर्ने दावी गर्ने गरेको छ ।

बिहीबारको प्रतिवेदनले भने जर्मनीविरुद्धको दावीलाई मात्र समेटेको छ । पोल्यान्डको संसदीय समितिका अध्यक्ष अर्काडियस मुलार्कजिकले जर्मनीलाई पूर्ण क्षतिपूर्ति तिर्न आह्वान गरे । 'दोस्रो विश्वयुद्धपछि जर्मनीले आजसम्म पोल्याण्डसँग शान्ति सम्झौता वा क्षतिपूर्ति तिर्नेसम्बन्धि अन्य कुनै सम्झौता गरेको छैन,' मुलार्कजिकले वार्साको शाही महलमा प्रतिवेदन प्रस्तुत गर्ने क्रममा भने ।

जर्मनीका सबै धारका राजनीतिज्ञले जर्मन राजनीतिज्ञहरूले वारसालाई क्षतिपूर्ति भुक्तान गर्न बारम्बार अस्वीकार गरेका छन् । बिहीबार, जर्मन विदेश मन्त्रालयले क्षतिपूर्तिको प्रश्न टुंगोमा पुगिसकेको बताए । हालैका दशकमा, जर्मनीले केही पोलिश युद्ध पीडितलाई प्रत्यक्ष क्षतिपूर्ति भुक्तान गरेको दृष्टान्त भने देखिएको छ । बर्लिनले यहुदीहरुमाथि नरसंहार गरिएका होलोकास्ट स्मारकको मर्मतसम्भारमा पनि आर्थिक सहयोग गर्ने गरेको छ । तर पोलीसहरु भने जर्मनीले तिरेका यी क्षतिपूर्ति निक्कै न्युन भएको ठान्छन् । इतिहासकार र राजनीतिज्ञले भने पोल्याण्डले लगभग ७० वर्ष पहिले नै क्षतिपूर्तिको दाबी परित्याग गरेकाले 'कानुनी माध्यमबाट क्षतिपूर्ति प्राप्त गर्ने कुरा' पोल्याण्डका लागि अब असम्भव भएको ठान्छन् । तर क्षतिपूर्ति दावी गर्नेहरुले भने दावी परित्यागको निर्णय तत्कालीन कम्युनिष्ट सरकारले गरेको र त्यसको वैधानिकता अहिले नरहेको बताउँछन् ।